# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १२ | अंक ३५१ | काठमाडौं | सोमबार, ७ वैशाख २०८३ | Prabhab National Daily | Monday, 20 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


# देउवा समूहमा छुट्टै दल बनाउन दबाब



पार्टीको बृहत्तर एकताका लागि सिनियर नेताहरूसँग संवाद सुरू गरेको छु ।

■ **गगन थापा**
सभापति



उहाँ (सभापति)ले जसरी बोलाउनुहुन्छ त्यसरी हामी जान्छौं । सानेपाको भित्तामा गएर कराएर निवेदन दिन हामी जाँदैनौं ।

■ **कुन्दनराज काफ्ले**
पूर्वकेन्द्रीय सदस्य



महाधिवेशनको दुई कार्यतालिका छ । समायोजन गरेर एउटै बनाउने स्थिति बन्यो भने एकता भएको मानिन्छ । होइन भने दुईवटा महाधिवेशन हुन्छ । पार्टी विभाजतर्फ जान्छ ।

■ **मीनबहादुर विश्वकर्मा**
पूर्वकेन्द्रीय सदस्य



**आइतबार धुम्बाराहीस्थित होटल स्मार्टमा बसेको देउवापक्षको बैठकमा सहभागी नेताहरू ।** *तस्विर सौजन्यः रातोपाटी डटकम*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसको पूर्वसंस्थापन समूहमा नयाँ दल गठनको माग जोडतोडले उठेको छ । निवर्तमान उपसभापति पूर्णबहादुर खड्काको अगुवाइमा धुम्बाराहीस्थित होटल स्मार्टमा बसेको बैठकमा सहभागी नेताहरूले नयाँ दल गठन गरी अघि बढ्न माग गरेका हुन् ।

विशेष महाधिवेशन अवैधानिक भन्दै आएका पूर्वसभापति शेरबहादुर देउवापक्षका नेताहरू गुरु बराल, शिवप्रसाद हुमागाई, कुन्दनराज काफ्ले र सुदूरपश्चिम प्रदेशका प्रदेश सभापति वीरबहादुर बलायरले अलग पार्टी गठन गरेर जानुपर्ने धारणा राखेका हुन् । विशेष महाधिवेशनमा गगन थापा नेतृत्वको एकपक्षीय कार्यसमिति रहेकोले पार्टीभित्र सम्मानजनक अवस्था नपाउने भन्दै उनीहरूले अलग्गै पार्टी बनाउनुपर्ने धारणा राखेका हुन् ।

अलग्गै पार्टी बनाउनुपर्छ भन्ने धारणाबारे पूर्वकेन्द्रीय सदस्य काफ्लेले घुमाउरो पारामा पार्टी सभापति थापाको व्यवहारमा भर पर्ने बताए । यद्यपि आफूहरू सानेपाको भित्तामा गएर नकराउने काफ्लेले बताए । 'उहाँ (सभापति थापा)ले जसरी बोलाउनुहुन्छ त्यसरी हामी जान्छौं । सानेपाको भित्तामा गएर कराएर निवेदन दिन हामी जाँदैनौं,' काफ्लेले भने ।

भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहसँगै कांग्रेसमा युवाहरूको विद्रोहले गत पुसमा विशेष महाधिवेशन भयो । उक्त महाधिवेशनबाट माघ १ गते थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको थियो । देउवापक्षले भने उक्त महाधिवेशन अवैधानिक भएको भन्दै विरोध जारी राख्यो ।

▶▶ क्रमशः पृष्ठ २ मा

## फुट रोक्ने प्रयासमा सभापति थापा

### निवासमै पुगेर पूर्वउपसभापति खड्कासँग छलफल

नेपाली कांग्रेसका सभापति गगन थापाले आइतबार साँझ निवर्तमान उपसभापति पूर्णबहादुर खड्कासँग भेटेका छन् । खड्का निवास गोल्फुटार पुगेर सभापति थापाले छलफल गरेको कांग्रेस महामन्त्री प्रदीप पौडेलले बताए । पार्टी एकताका लागि सभापति थापाले खड्कालाई भेटेको महामन्त्री पौडेलले बताए । 'पार्टी एकताका लागि सभापति थापाले पहल थालेका छन् । आशा छ यो भेटले सकारात्मक बाटो लिने छ,' पौडेलले भने ।

कांग्रेस अनुशासन समितिले खड्कालाई वैशाख २ गते समानान्तर गतिविधि गरेको भन्दै सात दिने स्पष्टीकरण सोधेको थियो । खड्काले भने आफूले स्पष्टीकरण नदिने बताइसकेका छन् । सभापति थापाले भेटेसँगै स्पष्टीकरणको औचित्य सकिएको नेताहरू बताउँछन् । आज पनि अनुशासन समितिको बैठक बस्दै छ ।

▶▶ क्रमशः पृष्ठ २ मा

# डोजर आतंकमा उत्रियो सरकार

- वीरगञ्ज, सुनसरीको दुहबी र काठमाडौंको पशुपतिनाथ क्षेत्रमा चलाइयो
- विकल्पविना डोजर चलाएपछि सरकारको आलोचना
- जनताको संविधानप्रदत्त आवासको अधिकार हनन् भएको भन्दै चिन्ता व्यक्त



**पर्साको वीरगञ्जस्थित घण्टाघर आसपासको क्षेत्रमा सडक डिभिजन कार्यालय हेटौंडाले आइतबार डोजर प्रयोग गरी अतिक्रमण गरेर निर्माण गरिएका घर, टहरा तथा अन्य संरचनाहरू भत्काइँदै ।** *तस्विरः रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** वालेन्द्र शाह नेतृत्वको सरकारले देशका विभिन्न स्थानमा डोजर आतंक मच्चाउन थालेपछि सरकारको आलोचना भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्वाचनका क्रममा दिएको आश्वासनविपरीत डोजर चलाइएपछि सरकारको डोजर आतंकविरुद्ध आवाज उठेको हो ।

निर्वाचन प्रचारप्रसार अभियानको क्रममा रास्वपा सभापति रवि लामिछानेले आफ्नो पार्टीको सरकारले डोजर आतंक मच्चाए 'छातीमा गोली थाप्न तयार हुन्छु' भनेका थिए । तर, वालेन्द्र प्रधानमन्त्री भएको एक महिना नबित्दै आइतबार पर्साको वीरगञ्ज क्षेत्रमा डोजर चलाएको छ । प्रधानमन्त्री शाहका विश्वासपात्र रहेका भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनिल लम्सालको निर्देशनपछि डोजर चलाएको बताइन्छ । मान्छे घरभित्रै हुँदै १३ वटा डोजरले वीरगञ्जको मुख्य सडक आसपासको घर भत्काउन थालेको थियो ।

स्थानीयका लागि अस्थायी आवास व्यवस्थापन नगरी डोजर चलाइएपछि सरकारको चौतर्फी आलोचना भएको छ । वीरगञ्जको मुख्य सडक फराकिलो बनाउने भन्दै सडक डिभिजन कार्यालय हेटौंडाले त्रिभुवन राजपथअन्तर्गत वीरगञ्जको गण्डकदेखि मितेरी पुलसम्मको मुख्य सडकखण्डलाई फराकिलो बनाउने अभियानअन्तर्गत सडकको दायाँ-बायाँ २५-२५ मिटर क्षेत्रमा रहेका स्थायी तथा अस्थायी संरचनाहरू हटाउन डोजर चलाएको हो ।

त्यस क्रममा स्थानीयले प्रतिवाद नगरून् भनेर ठूलो संख्यामा सुरक्षाकर्मी, डोजर र जेसिबीलगायत उपकरण लगिएको थियो । यसअघि यो क्षेत्रका घरधनीले बस्ती जोखिममा परेको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । सर्वोच्चले गत २८ फागुनमा रिट खारेज गरिदिएको थियो । यद्यपि, त्यसपछि सडक विस्तारको काम सुरु हुन सकेको थिएन । मन्त्री सुनिलले भने अभियान सुरु गरेका हुन् । तर, बिनासूचना संरचना भत्काउन डोजर परिचालन गरिएको भन्दै स्थानीय आपत्ति जनाएका छन् ।

यता रास्वपा सभापति लामिछाने जवाफहीन भएका छन् । पार्टी कार्यालयमा केन्द्रीय सचिवालय बैठकपछि बाहिरिने क्रममा उनलाई सञ्चारकर्मीहरूले डोजर आतंक सरकारले सिर्जना गरेको भन्दै प्रश्न गरेका थिए ।

▶▶ क्रमशः पृष्ठ २ मा






**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसियाले ल्याउन लागेको नयाँ भर्ना प्रक्रियामाथि आशंका

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** मलेसियाले आप्रवासी श्रमिक भर्नाका लागि विवादित व्यक्तिले स्थापना गरेको भर्ती प्रणाली कार्यान्वयनमा ल्याउने तयारी गरिरहेको पाइएको छ । श्रम उद्योगका प्रभावशाली व्यक्ति मानिने बंगाली मुलका मलेसियन नागरिक डाटुक सेरी अमिनुल इस्लाम अब्दुल नोरको संस्था बेस्टिनेट एसडिएन बिएचडीले विकास गरेको श्रम प्रणाली कार्यान्वयनमा ल्याउन लागेपछि एकाधिकारको आशंका गर्न थालिएको छ ।

हाल रोजगारीमा जाने श्रमिकहरू लाखौं तिरेर मलेसिया गइरहेका छन् । नयाँ प्रणालीअनुसार कम्पनीहरूले कामदारलाई मध्यस्थकर्तामार्फत नभई सीधै भर्ना गर्न सक्ने भनिएको छ । 'द युनिभर्सल रिक्रुटमेन्ट एड्भान्सड प्लाटफर्म' (टियुआरएपी)को डिजिटल पोर्टलमा रोजगारदाताले 'साइन अप' गरेर कामदार भेट्टाउन सक्नेगरी सफ्टवेयर निर्माण गरिएको नाम नखुलाउने सर्तमा विभिन्न छ जना व्यक्तिले जानकारी गराएको ब्लुमबर्ग न्युजले जनाएको छ ।

मलेसियाले यस वर्षको मध्यसम्म यो प्रणाली कार्यान्वयनमा ल्याउने बुझिएको छ । यद्यपि, यो प्रक्रिया प्रारम्भिक चरणमै भएकाले गृह मन्त्रालयसँग सहमति गरेर मन्त्रिपरिषद्बाट स्वीकृति लिएपछि मात्र कार्यान्वयनमा आउने छ । मानव संसाधनमन्त्री डाटुक सिरी आर रमणनले मन्त्रालयले प्रस्तावलाई क्याबिनेट (मन्त्रिपरिषद्)मा पेस गर्नुअघि विवरणहरूमा अझ सुधार गरिरहेको तर प्रणालीको बारेमा तत्काल कुनै चिन्ता नभएको बताएको समाचारमा उल्लेख गरिएको छ ।

गत जनवरीमा मलेसियामा बंगलादेशबाट आप्रवासी कामदारको भर्तीमा स्रोत मुलुकभित्रैबाट भ्रष्टाचार भएको अनुसन्धान ब्लुमबर्गले प्रकाशित गरेको थियो । जसमा भर्ती प्रक्रियामा आमिनुल अर्थात् आमिनको भूमिका रहेको उल्लेख गरेको थियो । अमिकका पक्षका न्यायाधीशहरूले भने आप्रवासी कामदारलाई धेरै भर्ती शुल्क तिर्न बाध्य पारिएकोमा अमिन जिम्मेवार नभएको र उनले श्रमिकहरूलाई सहयोग गरेको दाबी गर्दै आएका छन् । मन्त्री रामानणले फेब्रुअरीको सुरुवातमा त्यहाँको राष्ट्रिय सञ्चारमाध्यमसँगको अन्तर्वार्तामा नयाँ प्रणाली ल्याउने उल्लेख गरे पनि बेस्निनेटले सञ्चालन गर्छ भनेर भनेका थिएनन् ।

बेस्टिनेटले विगतदेखि नै विदेशी कामदारहरूको केन्द्रीय व्यवस्थापन प्रणाली (एफडब्लुसिएमएस) नामक सफ्टवेयर प्रणाली सञ्चालन गर्दै आएको छ । यो प्रणालीमलेसियाले बंगलादेशबाट हुने भर्ना प्रक्रियाको व्यवस्थापन गर्न प्रयोग गर्ने गरेको छ । यो प्रणालीमा स्वास्थ्य जाँच, बिमाजस्ता मोडचुलहरू छन् । यसमा भर्तीकर्ता एजेण्टहरू पनि संलग्न छन् । अमिनले भने विभिन्न अन्तर्वार्तामा यो प्रणालीलाई प्रयोग गर्ने मानिसहरूको जिम्मेवारी आफ्नो नभएको बताउने गरेका छन् ।

सन् २०२४ मा बंगलादेशको प्रहरीले अमिनले श्रमिकलाई ठगी गर्न महत्त्वपूर्ण भूमिका खेलेको आरोप लगाउँदै मलेसियालाई एफडब्लुसिएमएस प्रयोग नगर्न अनुरोध गरेको थियो । यद्यपि, अमिनलाई मुद्दा दर्ता गरिएको छैन । विवादित व्यक्तिको प्रस्ताव भएका कारण निवर्तमान मानव संसाधनमन्त्री स्टिभन सिमले भने यसमाथि प्रश्न उठाएका थिए । मलेसियाली सञ्चारमाध्यमले पनि यसमा संलग्न व्यक्ति विवादित भएको भनेर उल्लेख गर्दै आएका छन् ।

▶▶ क्रमशः पृष्ठ २ मा

# 'पूर्वसूचना प्रभावकारी भएमा विपद्मा क्षति न्यूनीकरण गर्न सकिने'

**काठमाडौं–** विपद्जन्य घटनाको पूर्वसूचना प्रभावकारी बनाउन सके विपद्को क्षति न्यूनीकरण गर्न सकिने सरोकार भएका निकायका प्रतिनिधिहरूले बताएका छन् । आइतबार काठमाडौंमा पूर्वसूचना प्रणालीको राष्ट्रिय कृत्रिम घटना अभ्यासअन्तर्गत तीनदिने अभ्यास कार्यक्रमको उद्घाटनका अवसरमा सहभागीहरूले यस्तो बताएका हुन् ।

कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेश भट्टले पूर्वसूचना प्रभावकारी र समयसापेक्ष हुँदा पूर्वतयारी र प्रतिकार्य प्रभावकारी भई क्षति न्यूनीकरणमा टेवा पुग्ने धारणा राखे । उनले सबैका लागि पूर्वसूचनाको राष्ट्रिय मार्गचित्र निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिए ।

गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुख सुरेश पन्थीले सरकारले पूर्वसूचनालाई जोड दिइरहेको उल्लेख गर्दै सोहीअन्तर्गत यो कार्यक्रम भएको बताए । नेपाल रेडक्रस सोसाइटीका महासचिव मीनबहादुर मल्ल, आइएफआरसीका हेड अफ कन्ट्री डेलिगेसन डेभिड फिसर, विश्व खाद्य कार्यक्रमका कार्यक्रम निर्देशक हेइले अबेराले पूर्वसूचना प्रणालीको महत्त्वबारे धारणा राखेका थिए ।

अभ्यासमा सबैका लागि पूर्वसूचनासँग सम्बन्धित संघीय मन्त्रालय तथा विभागहरू, प्रदेश तथा स्थानीय तह, सुरक्षा निकाय, राष्ट्रसंघीय निकाय, रेडक्रस एवं साझेदार संस्थाका प्रतिनिधिको सहभागिता छ । अभ्यासका क्रममा दोस्रो दिन 'टेबल-टप अभ्यास' हुने छ भने तेस्रो दिन कीर्तिपुरको टौदहमा स्थलगत अभ्यास हुने प्राधिकरणले जनाएको छ ।

सबैका लागि पूर्वसूचना प्रणालीका चारवटा स्तम्भ छन् । जसमा पहिलो विपद् जोखिमको ज्ञान हो । दोस्रोमा अवलोकन, विश्लेषण र पूर्वानुमान पर्दछ । त्यसैगरी, तेस्रोमा चेतावनीको प्रवाह र सञ्चार छ भने चौथोमा पूर्वतयारी, प्रतिकार्य र क्षमता विकास रहेको छ । *रासस*

# राष्ट्रिय सभा अध्यक्ष र अस्ट्रेलियाका सभामुखबीच भेट

**काठमाडौं (प्रस)–** राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल र अस्ट्रेलियाको प्रतिनिधिसभाका सभामुख मिल्टन डिकबीच शिष्टाचार भेट भएको छ । टर्कीको इस्तानबुलमा जारी अन्तरव्यवस्थापिका संघको १५२ औं महासभामा सहभागी हुन त्यहाँ पुगेका उनीहरूबीच भेट भएको हो ।

भेटमा उनीहरूबीच नेपाल र अस्ट्रेलियाबीचको द्विपक्षीय सम्बन्ध, आपसी हित र संसदीय सहकार्यका विषयमा छलफल भएको अध्यक्ष दाहालको सचिवालयले जनाएको छ । अस्ट्रेलियाले नेपालको विकास र समृद्धिका लागि विगतदेखि नै सहयोग गर्दै आइरहेको उल्लेख गर्दै अध्यक्ष दाहालले आगामी दिनमा अझ थप सहयोग र सहकार्यका लागि आग्रह गरेका थिए ।

सो क्रममा अस्ट्रेलियाका सभामुख मिल्टनले अस्ट्रेलिया र नेपालको सम्बन्ध विगतदेखि नै निकै सौहार्द्रपूर्ण रहेको चर्चा गर्दै संसदीय सहकार्यले दुई देशको सम्बन्ध अझ प्रगाढ र मजबुत बन्ने बताएका थिए । भेटमा नेपाली संसदीय प्रतिनिधिमण्डलका तर्फबाट राष्ट्रिय सभाका सदस्यहरू कृष्णबहादुर रोकाया र डा. अञ्जान शाक्य तथा राष्ट्रिय सभा सचिव तुलबहादुर कँडेलगायत सहभागी थिए ।

पृष्ठ १ बाट क्रमशः

## देउवा समूहमा ...

निर्वाचन आयोगले माघ २ गते थापा नेतृत्वको कार्यसमितिलाई नै आधिकारिकता दिएपछि देउवा समूह माघ ६ गते अन्तरिम आदेश माग्दै सर्वोच्च अदालत पुगेको थियो । सर्वोच्चले उक्त रिटमा अन्तरिम आदेश नदिएपछि देउवा समूह थापाकै हस्ताक्षरमा फागुन २१ गते निर्वाचनमा होमियो । चुनावमा भने कांग्रेसले नराम्ररी पराजय भोग्नुपर्‍यो । शुक्रबार सर्वोच्चले आयोगको निर्णयलाई सदर गर्दै देउवापक्षको रिट खारेज गर्‍यो । योसँगै देउवापक्ष अबको रणनीति बनाउन जुटेको हो ।

यो बीचमा केही नेताले भने गोप्य छलफल गरी हिन्दूवादी दल बनाउने तयारी थालिसकेका छन् । यो मोर्चामा शशांक कोइरालादेखि बालकृष्ण खाणसम्म रहेको कांग्रेस नेताहरू नै बताउँछन् । नेपाली कांग्रेसले लिइरहेको लोकतान्त्रिक धार राष्ट्रिय स्वतन्त्र पार्टीले लिइसकेको अवस्थामा अहिले हिन्दूवादी र राजावादी विचारधारा बोक्ने नेतृत्व कमजोर भइरहेको आकलन ती नेताहरूको रहेको छ । यसको अगुवाइ नेता शंकर भण्डारीले गरिरहेका छन् । 'कांग्रेसको एजेण्डा सबै रास्वपाले बोकिसक्यो । अब देशमा प्रतिपक्षी दल बन्न हिन्दूवादी एजेण्डा नै बोक्नुपर्ने देखिएको छ । यो विषय कांग्रेसको महासमिति बैठकमा पेस भइसकेको कुरा हो,' देउवापक्षका एक नेताले भने ।

यद्यपि अहिले नै निर्णय नै लिनुभन्दा देशभर छलफल गरेरमात्र यसको निष्कर्ष निकालिने कांग्रेस नेताहरूले बताएका छन् । अदालतको फैसला चित्त नबुझेको उल्लेख गर्दै आफूहरू देशभर छलफलमा जान लागेको कांग्रेस नेता मिनबहादुर विश्वकर्माले बताए । 'हामी चरणबद्धरूपमा प्रदेशस्तरको, जिल्लास्तरको बैठक बसेर बृहत् राष्ट्रिय भेला आयोजना गर्ने छौं । हामीलाई अदालतको फैसला चित्त बुझेको छैन,' विश्वकर्माले आइतबारको बैठकपछि भने ।

अर्को पक्षले पहल गर्‍यो भनेमात्र एकताको वातावरण बन्ने विश्वकर्माको भनाइ छ । अन्यथा पार्टी विभाजनतर्फ जानसक्ने चेतावनीसमेत उनले दिए । 'महाधिवेशनको दुई कार्यतालिका छ । समायोजन गरेर एउटै बनाउने स्थिति बन्यो भने एकता भएको मानिन्छ । होइन भने दुईवटा महाधिवेशन हुन्छ । पार्टी विभाजनतर्फ जान्छ । त्यो नहोस् भनेर सम्बन्धित पक्षलाई एकताको पहल गर्न आह्वान गरेका छौं,' विश्वकर्माले चेतावनी दिए । देउवापक्षले वैशाखको अन्तिममा महाधिवेशन तोकेको छ ।

■■■

## फुट रोक्ने...

पार्टीमा देखिएको बेमेल हटाएर एकताका लागि पहल गर्न नेता खड्कासँग भेटेको सभापति थापाले बताए । 'पार्टीको बृहत्तर एकताका लागि सिनियर नेताहरूसँग संवाद सुरु गरेको छु' थापाले भने । सभापति थापाले सर्वोच्च अदालतको निर्णयले पार्टीका सबैलाई एकताबद्ध बनाउँदै पार्टीलाई फेरि बलियो बनाउने साझा यात्रामा अघि बढ्ने वातावरण बनाएको बताएका छन् । १५औं महाधिवेशनको प्रक्रिया अगाडि बढिसकेको र महाधिवेशनलाई सफल पार्दै पार्टीलाई रूपान्तरण र सुदृढ बनाउने अवसरका रूपमा उपयोग गर्न आम कांग्रेसी नेता कार्यकर्तालाई आह्वान गरेका छन् ।

■■■

## डोजर आतंकमा...

लामिछाने जवाफ नदिई हिँडे । आफ्नै पार्टीका वरिष्ठ नेता प्रधानमन्त्री हुँदा जनताको आवासको अधिकारलाई सुनिश्चित नगरी डाङडुङ भत्काएपछि लामिछाने रक्षात्मक अवस्थामा छन् । उनी नाजवाफ भएका हुन् । भोटका लागि उनले रास्वपाको सरकारले जनताको आवासको अधिकारलाई सम्बोधन गर्ने र डोजर आतंक नहुने गत निर्वाचनको बेला मतदातासँग मतदातासमक्ष प्रतिबद्धता जनाएका थिए । कारण, वालेन्द्र काठमाडौं महानगरका प्रमुख हुँदा थापाथलीलगायत विभिन्न ठाउँको सुकुम्बासी वस्ती मास्न पटक-पटक डोजर पठाएका थिए । सुकुम्बासी र वालेन्द्र शत्रुजस्तै भएको भन्दै आलोचना पनि भइरहेको थियो । यस्तोमा डोजर चलाइएको हो । हालै सुनसरीको दुबही क्षेत्रमा डोजर चलाइएको छ ।

सरकारको यस्तो कदमको चौतर्फी विरोध भरहेको छ । विपक्षी दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले बसोबासीको आवास व्यवस्थापननिना सुकुम्बासी परिवारहरूलाई उठीबास गराउने तथा झुप्रा भत्काउने कार्य गरेको भन्दै गम्भीर आपत्ति जनाएको छ । पार्टी कार्यालयका मुख्यसचिव गणेशमान पुनले जारी गरको विज्ञप्तिमा वालेन्द्र सरकारको कदमलाई अमानवीय भनेका छन् र तत्काल रोक्न र पुनर्वासको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् ।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज साम्पाङले जनताले बनाएको टहरा भत्काएको भन्दै गम्भीर असहमति राखेका छन् । सरकारले बहुसंख्यक जनसंख्याको हित गर्नुपर्नेमा सुकुम्बासीप्रति असहिष्णु बन्नुलाई गलत मानेका छन् । उनले टहरा बनाउँदा लाग्ने खर्च सरकारले बेहोर्नुपर्ने भन्दै दबाब दिएका छन् ।

■■■

## मलेसियाले...

पछिल्लो सरकारी तथ्यांक मलेसियामा २१ लाख कम दक्षता भएका विदेशी कामदार कार्यरत छन् । त्यहाँ हाल तीन लाख नेपालीहरू छन् । नयाँ योजना बाहिरी रूपमा ठिकै देखिए पनि यसको भित्री पाटो अर्कै भएको वैदेशिक रोजगार व्यवसायीहरूले बताउँदै आएका छन् । कामदार भर्ना प्रक्रियामा अनधिकृत व्यक्तिको संलग्नता नहुनु उचित भए पनि सरकारले विवादित व्यक्तिद्वारा सञ्चालित कम्पनीलाई भर्ना प्रक्रियामा समावेश गर्नुले कतै एकधिकारतर्फ जाँदै त छैन भन्ने शंका उत्पन्न गराएको उनीहरूको भनाइ छ । अमिनले बंगलादेशको स्वास्थ्य परीक्षणमा एकाधिकार ल्याएको बताइँदै आएको छ ।


**नोवल बहुउद्देश्यीय सहकारी संस्था लि.**
मानभवन ललितपुर ०१-५००८२४५, ५४२८०१९

**कर्जा तिर्न आउने बारे १५ दिने अत्यन्त जरुरी सूचना**

प्रकाशित मिति २०८३/०१/०७ गते

यस संस्थाबाट व्यवसायिक उद्देश्यले तपसिलमा उल्लेखित सदस्यले ऋण कर्जा लिनु भएकोमा उक्त ऋण कर्जा लिँदा यस संस्थासंग भए गरेका ऋण संझौता, शर्त कबुलियतनामा बमोजिम लिखतको भाखाभित्र तिर्नु बुझाउनुपर्ने साँवा, व्याज लगायत अन्य दस्तुर नतिरी नबुझाई संस्थासंग भए गरेका संझौता उलंघन गर्नु भएकोले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्न पटक, पटक लिखित तथा मौखिकरुपमा तर-ताकेता गरिएकोमा आजको मिति सम्म कर्जा रकम चुक्ता नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थालाई तिर्नु, बुझाउनुपर्ने रकम तिर्न, बुझाउन सम्बन्धित ऋणी, जमानीकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ । अन्यथा सहकारी ऐन, नियमावली बमोजिम धितो लिलाम गरी लेना रकम असुल उपर गरिने ब्यहोरा ऋणि तथा जमानीकताहरूलाई जानकारी गराइन्छ ।

**ऋणिको नाम : श्री मिलन कुमारी लिम्वु (बर्ष ३५)**
ना. प्र. नं. ०११००४/२०१ ताप्लेजुङ
पतिको नाम : दावाङज्यू तामाङ
बाबुको नाम : सैलेन्द्र बहादुर लिम्वु
बाजेको नाम : पदम सिं लिम्वु
ठेगाना : चाँगे गा.बि.स.वडा.नं. ०५ ताप्लेजुङ
हाल, महालक्ष्मी न.पा. ०८, ललितपुर



**जमानीकर्ता**
**१. दावाङज्यू तामाङ (बर्ष ४८)**
ना.प्र.नं. ६६१६४ काभ्रेपलाञ्चोक
बाबुको नाम : हर्क सिं तामाङ
बाजेको नाम : नारायण सिं तामाङ
मेच्छे वडा नं.०३, काभ्रे,
हाल, महालक्ष्मी न.पा.०८, ललितपुर



**कर्जा सुरक्षण विवरण**
१. पदम सिं लिम्वुको नातिनी सैलेन्द्र बहादुर लिम्वुको छोरी मिलन कुमारी लिम्वुको नाममा ललितपुर मालपोत कार्यालय लगनखेलमा दर्ता श्रेष्ता रहेको, ललितपुर जिल्ला, साविक टिकाथली गा.वि.स-६, हाल महालक्ष्मी न.पा.वडा नं. ८ मा पर्ने कित्ता नं.२७५५ को क्षे.फ. ०-०-०-० (२७७ व.मि.) कित्ता-१ सोले चर्चेको लिगलगापत समेत ।



**मोटरसाइकल हराएको सूचना**

हुलास फिन सर्भ लिमिटेडको नाममा दर्ता कायम भई अरूण शिवभक्ति ऋणी भएको निम्न बिबरण भएको मोटरसाईकल मिति २०८२।१२।११ गते अन्दाजी २१:३० बजेको समयमा अपरिचित व्यक्तिले काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं.-५ थलि हरीयालीनगर हाईट स्थित घर अगाडी पार्कीङ गरीराखेको दर्ता नं. बाग्मती प्रदेश ०२-०६०प१४६७ को कालो, रातो रङ्गको २२० सि.सि पल्सर मोटरसाइकल चोरेको वा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

ऋणीको नाम : अरूण शिवभक्ति
दर्ता नं. : बाग्मती प्रदेश ०२-०६० प १४६७
च्यासिस नं. : MD2A13EX35CC-84337
इन्जिन नं. : JDKXCSC-29053
ठेगाना : पाँचखाल न.पा.-०५, काभ्रेपलान्चोक
सम्पर्क नं. : ९७६८४१०९६५



**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।११।१० गते का.जि, टोखा न.पा. वडा नं.०३ लक्ष्मीचोक स्थित गोरखा कृषि सहकारीको कार्यालय अगाडी पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्गको पल्सर २२० सि.सि. मोटरसाइकल बिहानको अन्दाजी ९:३० देखि १०:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : दिल बहादुर तामाङ
बाइक नं. : बा.प्र. ०२- ०६४ प ६५३९
च्यासिस नं. : MD2A13EXXTCK 80175
इन्जिन नं. : DKXCSJ 10340
ठेगाना : तादी गा.पा.वडा नं-१, नुवाकोट
सम्पर्क नं. : ९८४९००८५०६



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८३/०१/०७ गते

यस कम्पनीको मिति २०८३/०१/०२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बिनायक इन्फ्रा ट्रेड प्राइभेट लिमिटेड** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/०३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एसियन इन्फ्रा ट्रेड प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३७५१२१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०७९/०२/१० गते **देउती इन्भेष्टमेन्ट प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. २९०९९१ कम्पनीको मिति २०८३/०१/०६ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क : ९८५११६३७२३



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०६३/०२/३० मा दर्ता भएको प्रा.लि.नं. ३९८९३ को **राइजिङ्ग स्टार ओभर्सीज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७४/०१/२४ मा दर्ता भएको प्रा.लि.नं. १६८१४९ को **राइजिङ स्टार कोचिङ इन्स्टीच्युट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७४/०१/२४ मा दर्ता भएको प्रा.लि.नं. १६८१४८ को **राइजिङ कन्सल्टेन्सी सर्भिसेज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**सूचना ! सूचना !! सूचना !!!**

उपरोक्त सम्बन्धमा सहकारी सस्थाको बिक्राल अवस्थाले गर्दा संस्थाहरू मर्ज (एकीकृत) काम गर्न सहज हुनेछ भनि (१) **सुबिधानगर बचत तथा ऋण सहकारी साकोस**, का.म.न.पा ३२ नयाँ बानेश्वर (२) **हिमचुलि बहुउद्देश्यीय सहकारी सस्था लि.** ल.पु.मा.पा.१४ ललितपुर (३) **नब जालुके सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.** बनेपा न.पा.८ काभ्रेपलाञ्चोक (४) **जगदम्बा बहुउद्देश्यीय सहकारी सस्था लि.** कुमारीपाटी, ललितपुर बिचबाट २०८०/०४/३० मा एकीकृत कारोबार सुरु भएकोमा हाल आएर समझदारी लत्याएर आ-आफ्नै तरिकाले कारोबार गर्दै हिडेर संस्थालाइ असर पर्ने काम भएको हुँदा मिति २०८३/१२/२३ गते संयुक्त बैठकबाट आ-आफ्नो सस्थाको सम्पूर्ण दायित्व लिएर अलग हुने गरि निर्णय गरियो,

**नोट :-** सम्पूर्ण बचत कर्ता महानुभाव पुर्ब वर्ति सस्थासंग सम्बन्ध, सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ अन्यथा दायित्व बाहिकको जिम्मेवार हुने छैनौं ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

सोमबार, ७ वैशाख, २०८२

| | |
|---|---|
| **मेष** | मन प्रफुल्ल रहनेछ । विश्वासपात्रबाट सहयोग मिल्न सक्छ । |
| **वृष** | तनावले सताउनेछ । नयाँ नयाँ आरोपको सामना गर्नुपर्नेछ । |
| **मिथुन** | नयाँ नयाँ विचार आउनेछ । धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ । |
| **कर्कट** | रमाइलो भेटघाट हुनेछ । सोचेर अघि बढ्नु उचित हुन्छ । |
| **सिंह** | नयाँ योजनामा काम हुन सक्छ । आलस्य त्याग गर्नु राम्रो हुन्छ । |
| **कन्या** | बौद्धिकतामा वृद्धि भएर जानेछ । समाजमा सम्मान मिल्ने सम्भावना छ । |
| **तुला** | सम्मान प्राप्त हुने योग छ । श्रीरामको स्मरणबाट दिनको सुरुवात गर्नुहोला । |
| **वृश्चिक** | स्वास्थ्य गडबड हुन सक्छ । खानपिनमा ध्यान दिनु राम्रो हुन्छ । |
| **धनु** | दौडधुप बढ्नेछ । नयाँ कामको अवसर प्राप्त हुनेछ । |
| **मकर** | कडा परिश्रम गर्नुपर्नेछ । दिन सामन्य रहनेछ । |
| **कुम्भ** | आडम्बरीपन बढेर जानेछ । शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ। |
| **मीन** | अहंकार बढेर जानेछ । काममा मन जानेछैन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

७ वैशाख, २०८२ (२० अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४८.३९ | १४८.९९ |
| युरो | १ को | १७५.०६ | १७५.७६ |
| पाउन्ड स्टिर्लङ | १ को | २००.७५ | २०१.५६ |
| स्विस फ्रैन्क | १ को | १८९.६५ | १९०.४१ |
| अस्ट्रेलियन डलर | १ को | १०६.४० | १०६.८३ |
| क्यानाडियन डलर | १ को | १०८.४९ | १०८.९३ |
| सिङगापुर डलर | १ को | ११६.६२ | ११७.०९ |
| जापानी येन | १० को | ९.३२ | ९.३६ |
| चिनियाँ युआन | १ को | २१.७५ | २१.८४ |
| साउदी अरब रियाल | १ को | ३९.५६ | ३९.७२ |
| कतारी रियाल | १ को | ४०.७० | ४०.८६ |
| थाई भाट | ख १ को | ४.६३ | ४.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.४० | ४०.५६ |
| मलेसियन रिङेट | १ को | ३७.५४ | ३७.७० |
| दक्षिण कोरियन वन | १०० को | १०.०३ | १०.०७ |
| स्विडिस क्रोनर | १ को | १६.१८ | १६.२५ |
| डेनिस क्रोनर | १ को | २३.४२ | २३.५२ |
| हङकङ डलर | १ को | १८.९५ | १९.०३ |
| कुवेती दिनार | १ को | ४८४.६२ | ४८६.५८ |
| बहराइन दिनार | १ को | ३९३.५३ | ३९५.१२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सात बुँदे घोषणापत्र जारी गर्दै सकियो रेडपाण्डा-थार अन्तर्राष्ट्रिय सम्मेलन

■ प्रभाव संवाददाता

**खोटाङ–** जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा सम्पन्न 'जैविक विविधता तथा रेडपाण्डा-थार अन्तर्राष्ट्रिय सम्मेलन-२०८३' सात बुँदे 'दिक्तेल घोषणापत्र-२०८३' जारी गर्दै सम्पन्न भएको छ। सम्मेलनले जैविक विविधता संरक्षण, प्रकृतिमा आधारित जीविकोपार्जन एवं रोजगारी सिर्जना, दिगो विकास तथा पर्यापर्यटन प्रवर्द्धन, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, स्थानीय तथा अन्तर्राष्ट्रिय सहकार्यलाई सुदृढ गर्ने प्रतिबद्धतासहित उक्त घोषणापत्र जारी गरेको हो।

तीन दिनसम्म चलेको अन्तर्राष्ट्रिय सम्मेलनले परम्परागत अभ्यास, वैज्ञानिक ज्ञान र अन्तर ष्ट्रिय अनुभवलाई एकीकृत गर्दै सहभागितामूलक कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धतासहितको दिक्तेल घोषणापत्र जारी गरेको छ। स्थानीय समुदायको सहभागितामा वनजंगल, बाँस-निगालो, खर्क, खोला खोल्सी, तालतलैया, जडीबुटी, पोखरी र जैविक मार्गको पुनः स्थापना तथा दिगो व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने, स्थानीय तहको नेतृत्वमा लोपोन्मुख प्रजाति रेडपाण्डा (हाब्रे) र थारको संरक्षणलाई उच्च प्राथमिकतामा राख्दै सहभागितामूलक विशेष संरक्षण नमूना कार्यक्रम सञ्चालन गर्ने घोषणपत्रमा उल्लेख गरिएको छ।




प्रकृति र संस्कृतिबीचको अन्तरसम्बन्धलाई सुदृढीकरण गर्दै किरात संस्कृति तथा मुन्दुमी सभ्यताको संरक्षण एवं प्रवर्द्धन, मुन्दुम ट्रेल (पदमार्ग)सँग जोड्न रेडपाण्डा-थार पदमार्ग तथा अन्य ऐतिहासिक-सांस्कृतिक पदमार्गहरूको विकास, स्थानीय पथप्रदर्शक उत्पादनका लागि प्रशिक्षण तथा समुदायमा आधारित होमस्टे (घरबास) कार्यक्रम सञ्चालन गरेर पर्यापर्यटन प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाइएको छ।

परम्परागत ज्ञान, सीप र अभ्यासलाई आधुनिक प्रविधिसँग संयोजन गर्दै प्रकृतिमा आधारित समाधानका उपाय अवलम्बन गरी जलवायु परिवर्तन र विपद्का जोखिम न्यूनीकरण गर्ने अन्तर्राष्ट्रिय सम्मेलनले जारी गरेको घोषणापत्रमा उल्लेख गरिएको छ। बाँदरसहित जंगली जनावरका सन्दर्भमा समस्या तथा जंगली जनावारको पहिचान गरी पूर्वसूचना प्रणाली, उपयुक्त छेकबार, समुदायमा आधारित बिमा एवं क्षतिपूर्ति प्रणाली, वन्यजन्तुबाट कम हानि नोक्सानी हुने खेतीबाली तथा सामुदायिक द्रुत प्रतिकार्य टोली स्थापना गरी मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्दै सहअस्तित्व कायम गर्ने कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाइएको छ।

शैक्षिक तथा अनुसन्धानमूलक संघसंस्थाहरूको सहकार्यमा पहिचान भएका वन्यजन्तुको अनुगमन तथा आहार-बिहारसम्बन्धी प्रभावकारी अध्ययन अनुसन्धान गर्दै हिमाली जैविक विविधताको संरक्षण, संवर्द्धन र ज्ञान अभिवृद्धि गर्नेसमेत अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी देशका प्रतिनिधिहरूले प्रतिबद्धता जनाएका छन्।

घोषणपत्रमा उल्लेख गरिएका संरक्षणका कार्यक्रम सञ्चालन गर्न संघ, प्रदेश, स्थानीय सरकार, संरक्षण साझेदार संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र र अन्य सरोकार भएका निकायहरूसँग सहकार्य गर्ने उल्लेख छ। जलवायु परिवर्तनको असर न्यूनीकरण तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाल, भारत, भुटान, बंगलादेश, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया र जर्मनीको सहभागिता थियो।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको मुख्य आयोजना तथा कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग काठमाडौं, वन तथा भू-संरक्षण विभाग काठमाडौं, राष्ट्रिय प्रकृति संरक्षण कोष काठमाडौं, त्रिभुवन विश्व विद्यालयको सहकार्यमा सम्मेलन आयोजना गरिएको हो।

# ट्रेड युनियन अधिकार रक्षामा जोड

**काठमाडौं (प्रस)–** ट्रेड युनियन अधिकार हनन हुन नहुनेमा सरोकार भएकाहरूले जोड दिएका छन्। नेपाल निजामती कर्मचारी संगठनको ३६औं स्थापना दिवसका अवसरमा आइतबार यहाँ आयोजित 'सार्वजनिक सेवामा ट्रेड युनियन अभ्यास' विषयक छलफलमा सहभागीहरूले सरकारले कर्मचारीतन्त्रमा राजनीतिक दलनिकट विभिन्न संगसंघठन खारेज गर्ने तयारी गरेको सन्दर्भमा ट्रेड युनियन अधिकार भने रक्षा हुनुपर्नेमा जोड दिएका हुन्।

कार्यक्रममा नेपाल सरकारका पूर्वसचिव गोपिनाथ मैनालीले संविधानको मौलिक हकमा श्रमिक भन्नाले शारीरिक र बौद्धिक श्रमिक दुवै उल्लेख भएकाले संविधान संशोधन गरिए पनि आधिकारीक ट्रेड युनियन संरक्षित हुनुपर्नेमा जोड दिए।

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)का अध्यक्ष विनोद श्रेष्ठ, वरिष्ठ अधिवक्ता टीकाराम भट्टराई, पेसागत महासंघ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकाल, सार्वजनिक सेवासम्बन्धी अन्तर्राष्ट्रिय युनियनका अध्यक्ष भोला पोखरेल, संगठनका महासचिव आरसी अधिकारीले ऐतिहासिक, कानुनी र विश्वका लोकतान्त्रिक अभ्यासका दृष्टिमा ट्रेड युनियन अधिकारबारे प्रस्तुतीकरण गरेका थिए।

संगठनकी अध्यक्ष भवानी न्यौपाने दाहालले संरक्षित अधिकारसँगै पेसागत प्रगतिको कामना गर्दै स्थापना दिवसको शुभकामना दिइन्। संगठनले विभिन्न जिल्लास्तरमा पनि स्थापना दिवसका अवसरमा विभिन्न कार्यक्रम गरिएको जनाएको छ।


## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौंको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८३।०१।०७ गतेको प्रभाव राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौँमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८३।०१।१४ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौँमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौ। प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौँमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण :**

**१. ऋणीको नामः लिला थापा (रेग्मी)** — **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट

ना.प्र.प.नं (जारी मिति/स्थान): १८०६३३६९(२०३६/१२/०५/कञ्चनपुर), बाबुको नामः करम सिंह रेग्मी, ससुराको नामः कृष्ण बहादुर थापा, पतिको नामः गोविन्द बहादुर थापा, ठेगानाः कञ्चनपुर जिल्ला, श्रीपुर गा.वि.स., वडा नं. ८।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. संजय थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७५१०१८/२१ (२०६५/१०/१९/कञ्चनपुर), बाजेको नामः कृष्ण बहादुर थापा, बाबुको नामः गोविन्द बहादुर थापा, ठेगानाः कञ्चनपुर जिल्ला, श्रीपुर गा.वि.स., वडा नं. ४।

**ख. काजल थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३२१००/४५७४३(२०७३/०२/१८/बारा), बाबुको नामः नर बहादुर थापा क्षेत्री, ससुराको नामः गोविन्द बहादुर थापा, पतिको नामः संजय थापा, ठेगानाः बारा जिल्ला, निजगढ गा.वि.स., वडा नं. २।

**२. ऋणीको नामः संजय थापा** — **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट

ना.प्र.प.नं (जारी मिति/स्थान): ७५१०१८/२१ (२०६५/१०/१९/कञ्चनपुर), बाजेको नामः कृष्ण बहादुर थापा, बाबुको नामः गोविन्द बहादुर थापा, ठेगानाः कञ्चनपुर जिल्ला, श्रीपुर गा.वि.स., वडा नं. ४।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. लिला थापा (रेग्मी):** ना.प्र.प.नं (जारी मिति/स्थान): १८०६३३६९(२०३६/१२/०५/कञ्चनपुर), बाबुको नामः करम सिंह रेग्मी, ससुराको नामः कृष्ण बहादुर थापा, पतिको नामः गोविन्द बहादुर थापा, ठेगानाः कञ्चनपुर जिल्ला, श्रीपुर गा.वि.स., वडा नं. ८।

**ख. काजल थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३२१००/४५७४३(२०७३/०२/१८/बारा), बाबुको नामः नर बहादुर थापा क्षेत्री, ससुराको नामः गोविन्द बहादुर थापा, पतिको नामः संजय थापा, ठेगानाः बारा जिल्ला, निजगढ गा.वि.स., वडा नं. २।

**माथि उल्लेखित दुई ऋणीहरुको लिलाम हुने धितोको विवरणः**

करम सिंह रेग्मीको छोरी, कृष्ण बहादुर थापाको बुहारी, गोविन्द बहादुर थापाको पत्नी, कञ्चनपुर जिल्ला, श्रीपुर गा.वि.स., वडा नं. ८ बस्ने **लिला थापा (रेग्मी)**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा., वडा नं. २ स्थित कि.न. ३९, २०५ र १९२ को क्षेत्रफल क्रमश ८९२.००, १६९३.५५ र १४.०० व.मि. को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**३. ऋणीको नामः रुकु मणी चौलागाइ** — **कर्जा शिर्षकः** आवधिक कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): १९००/०६२ (२०६२/०१/१२/चितवन), बाबुको नामः कमल प्रसाद न्यौपाने, ससुराको नामः रुद्र प्रसाद चौलागाई, पतिको नामः कुमार प्रसाद चौलागाई, ठेगानाः चितवन जिल्ला, भण्डारा गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ६।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. कुसल चौलागाईः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५१००८/११४६(२०६९/०५/०३/चितवन), बाजेको नामः रुद्र प्रसाद चौलागाई, बाबुको नामः कुमार प्रसाद चौलागाई, ठेगानाः चितवन जिल्ला, भण्डारा गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ६।

**ख. दुर्गा मायाँ चौलागाईः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९१६ (२०४६/०३/११/चितवन), बाबुको नामः गोपी लाल गौतम, ससुराको नामः पदम लाल चौलागाई, पतिको नामः रुद्र प्रसाद चौलागाई, ठेगानाः चितवन जिल्ला, भण्डारा गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ६।

**लिलाम हुने धितोको विवरणः**

गोपी लाल गौतमको छोरी, पदम लाल चौलागाईको बुहारी, रुद्र प्रसाद चौलागाईको पत्नि, चितवन जिल्ला, भण्डारा गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ६ बस्ने **दुर्गा मायाँ चौलागाई**को नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, भण्डारा गा.वि.स./न.पा., वडा नं. २/क स्थित कि.न. ७५७ को क्षेत्रफल ०-०-१२-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**४. ऋणीको नामः धन बहादुर नेवार** — **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ५५३१/०५७(२०५७।१२।०५/चितवन), बाजेको नामः ज्ञान बहादुर नेवार, बाबुको नामः मिन बहादुर नेवार, ठेगानाः चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ४।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. सुनिता खड्का (नेवार):** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५-०१-७२-०९६६३(२०७२।०९।२७/चितवन), बाबुको नामः राधे खड्का, ससुराको नामः मिन बहादुर नेवार, पतिको नामः धन बहादुर नेवार, ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ३।

**ख. झलक बहादुर श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५-०१-७६-१२३९१(२०७६।०८।२४/चितवन), बाजेको नामः मिन बहादुर नेवार, बाबुको नामः धन बहादुर नेवार, ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ३।

**लिलाम हुने धितोको विवरणः**

ज्ञान बहादुर नेवारको नाति, मिन बहादुर नेवारको छोरा, चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ४ बस्ने **धन बहादुर नेवार**को नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरुः

**क.** चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा वडा नं. ७/क स्थित कि.न. २८३ को क्षेत्रफल ०-१-०-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**ख.** चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा वडा नं. ७/ख स्थित कि.न. ७१३ र ७१६ को क्षेत्रफल क्रमशः ०-०-६.७५-० र ०-०-३.२५-० विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**५. ऋणीको नामः शिप्रा कुमारी यादव** — **कर्जा शिर्षकः** जग्गा खरिद कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): १९५५४(२०७३।०२।१०/मोरङ्ग) , बाबुको नामः संजय कुमार, ससुराको नामः कुलेश्वर यादव, पतिको नामः अशोक यादव, ठेगानाः मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. रिना कुमारी यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७७२२०/७८२२०(२०६०।०१।१८/इनरुवा,सुनसरी) ,बाबुको नामः रमा नन्द यादव, ससुराको नामः कुलेश्वर यादव, पतिको नामः सत्य नारायण यादव, ठेगानाः सुनसरी जिल्ला, सहिवगंज गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १।

**ख. सत्य नारायण यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७६६८०(२०६०।०५।०८/मोरङ्ग), बाजेको नामः मोहन यादव, बाबुको नामः कुलेश्वर यादव, ठेगानाः मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १।

**ग. सुवोद यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०५१०१८/४४१(२०६७।०५।१५/मोरङ्ग), बाजेको नामः मोहन यादव, बाबुको नामः कुलेश्वर यादव, ठेगानाः मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १।

**घ. अशोक यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७०४५६(२०५९।०७।२६/मोरङ्ग), बाजेको नामः मोहन यादव, बाबुको नामः कुलेश्वर यादव, ठेगानाः मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १।

**लिलाम हुने धितोको विवरणः**

संजय कुमारको छोरी, कुलेश्वर यादवको बुहारी, अशोक यादवको पत्नी, मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १ बस्ने **शिप्रा कुमारी यादव**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, टंकिसिनुवारी गा.वि.स./न.पा वडा नं. १/ख स्थित कि.न. ३३५१ को क्षेत्रफल ०-०-१०-० विघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**६. ऋणीको नामः बंगलामुखी बेवी शप** — **कर्जा शिर्षकः** आवधिक कर्जा

(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा दर्ता रहेको), दर्ता नं.: ९६३६/०७१/०७२, दर्ता मितिः २०७२/०१/२९, स्थायी लेखा नं.: ६०३१८७२४३, ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ८, सभागृह चोक।

**प्रोप्राईटरः**

**ओम कुमारी खाँड ठकुरीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६६९४२-उदयपुर(२०६०/११/१७/कास्की), बाबुको नामः कुल बहादुर घर्ति क्षेत्री, ससुराको नामः डिल बहादुर खाँड ठकुरी, पतिको नामः ज्ञानेन्द्र खाँड ठकुरी, ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ८।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. ज्ञानेन्द्र खाँड ठकुरीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६०६६(२०४८/०५/२१/कास्की), बाजेको नामः शेर बहादुर खाँड ठकुरी, बाबुको नामः डिल बहादुर खाँड ठकुरी, ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ८।

**ख. दिपेन्द्र घर्ती क्षेत्रीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५१ २०२३५(२०५५/०१/११/पर्वत), बाजेको नामः गोकर्ण सिं घर्ति क्षेत्री, बाबुको नामः कुल बहादुर घर्ति क्षेत्री, ठेगानाः पर्वत जिल्ला, तिलाहर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, भिरकोट न.पा. वडा नं. २।

**लिलाम हुने धितोको विवरणः**

कुल बहादुर घर्ति क्षेत्रीको छोरी, डिल बहादुर खाँड ठकुरीको बुहारी, ज्ञानेन्द्र खाँड ठकुरीको पत्नी, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ८ बस्ने **ओम कुमारी खाँड ठकुरी**को नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.न. १६९५० र १६९७५को क्षेत्रफल क्रमशः ०-४-०-३ र ०-१-१-२ रोपनीको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९


# जयवागेश्वरीको 'कलेवर' फेरिँदै



**काठमाडौं (प्रस)–** विश्वसम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्रस्थित जयवागेश्वरीको 'कलेवर' फेर्ने काम धमाधम भइरहेको छ। त्यस क्रममा जयवागेश्वरी, गणेश र भैरवको माटाको नयाँ मूर्ति बनाउने काम भइरहेको छ।

हरेक १२-१२ वर्षमा मन्दिरको कलेवर फेर्ने गरिएको पशुपति क्षेत्र विकास कोषकी सूचना अधिकारी अनिता भट्टले जानकारी दिइन्। वैशाख १८ गतेसम्म कलेवर फेरी सक्नेगरी काम भइरहेको उनले बताइन्।

जयवागेश्वरीमा टाउको काटिनुअघिको गणेशको मूर्ति रहेको छ। यसैले यहाँको मूर्तिमा सूँढ छैन। कलिगत संवत् ३२३२ मा सुरु भएर ४७ वर्षपछि ३२७४ मा जयवागेश्वरीको निर्माण सम्पन्न भएको इतिहास छ। विसं १९९० को भूकम्पले क्षति पुगेको मन्दिर त्यसबेला जीर्णोद्धार गरिएको थियो। यस्तै, २०७२ वैशाख १२ को भूकम्पमा धेरै क्षति भएपछि मन्दिर पुनर्निर्माण गरिएको थियो।

जयवागेश्वरीलाई महासरस्वती, महाकाली र महालक्ष्मी मानिए पनि विद्याकी देवीका रूपमा बढी पुज्ने गरिएको छ। तन्त्र साधना गर्नेले अन्तिममा जयवागेश्वरी मै आएर पूजा गर्ने परम्परा छ। मन्दिरसँगै सुन्धारा पनि स्थापना भएकामा हाल यसको अस्तित्व लोप हुने अवस्थामा पुगेको छ। जयवागेश्वरीको ठीक अघि तलेजु भवानीको मन्दिर स्थापना गरिएको छ।

जयवागेश्वरी उपत्यकाको पुरानो राजधानी मानिन्छ। स्थानीयवासी सन्देश मुनिकार 'गोल' भनिने जयवागेश्वरी उपत्यकाकै पहिलो बस्ती भएको बताउनुहुन्छ। यो बस्तीमा नौथरी जात, नौ पोखरी, नौ पाटी र नौ ढोकालगायत संरचना रहेको उनको भनाइ छ। गोपाल र किराँत शासनकालको राजधानी जयवागेश्वरी रहेको र लिच्छविकालको राजधानी यहीँबाट सुरु भएर पछि हाँडीगाउँमा सरेको जानकारहरू बताउँछन्। मल्लकालमा भने हाँडीगाउँबाट हनुमानढोकामा राजधानी सारिएको इतिहास छ।

# इन्धनको मूल्यवृद्धिले चितवनका १२५ ठेक्का रोकिने अवस्थामा

**चितवन (प्रस)–** पूर्वाधार विकास कार्यालय चितवनद्वारा सञ्चालित १२५ वटा ठेक्काका काम रोकिने अवस्थामा पुगेका छन्। इन्धनसहित आवश्यक वस्तुमा बढ्दो महँगीका कारण ती ठेक्कमा काम हुन नसक्ने अवस्थामा पुगेको हो।

कार्यालयका प्रमुख वीरेन्द्रकुमार चौधरीका अनुसार यस कार्यालयमा २६७ वटा आयोजना रहेकामा अहिले ठेक्का सम्झौता भई २१७ वटा सञ्चालन भइरहेका छन्। तीमध्ये १२५ वटा आयोजनाको काम रोकिने अवस्थामा आएका उनले बताए। यसरी ठेक्का सम्झौता गर्ने समयमा भन्दा अहिले इन्धनको मूल्यमा भएको वृद्धि र अलकत्रा (विटुमिन) को समस्याका कारण पूर्वाधार विकासका काम रोकिने अवस्थामा पुगेका उनको भनाइ छ।

प्रमुख चौधरीले भने, 'निर्माण व्यवसायीहरूले 'निर्माण होलिडे' (तत्कालका लागि रोक्न मिल्ने प्रकृतिका आयोजनालाई रोक्ने प्रक्रिया) को माग गर्दै कार्यालयमा पत्र बुझाएका छन्।' इन्धनको मूल्य बढेपछि सबै क्षेत्रमा मूल्यवृद्धि हुँदा पूर्वाधार निर्माण प्रभावित बन्दै आएका उनको भनाइ छ।

यस कार्यालयबाट ५० वटा आयोजना उपभोक्ता समितिबाट गर्नुपर्ने भए पनि ती आयोजनाको काम पनि हुन सकेको छैन। कार्यालयले अहिले १९ वटा पुल निर्माण गरिरहेको छ भने अन्य आयोजनाअन्तर्गत सडक निर्माण भइरहेका उनले बताए।

कार्यालय प्रमुख चौधरीले भने, 'यस्तै अवस्था रहे यस कार्यालयबाट सुरु गरिएका आयोजनामध्ये ५० देखि ६० प्रतिशत काम सम्पन्न हुने अवस्था छैन।' ६७ करोड रूपैयाँ बजेटबाट विकास निर्माण गर्दै आएको कार्यालयले सरकारको निर्णयअनुसार अघि बढ्ने निर्माण व्यावसायीलाई बताएको छ।

निर्माण व्यवसायी संघ चितवनका महासचिव पुष्कर अधिकारीले अहिलेको अवस्थामा निर्माण व्यवसायीले काम गर्न सक्ने अवस्था नभएको बताए। उनले यही अवस्थामा महँगी बढ्दै जाँदा काम गर्न नसकिने भएकाले निर्माण होलिडेका रूपमा सरकारले अघि बढाउन आवश्यक रहेको धारणा राखे। महँगीमा भएको वृद्धिका कारण बजेटमा समायोजन वा होलिडेका रूपमा राज्यले निर्माण व्यवसायीलाई सम्बोधन गर्नुपर्नेमा उनले जोड दिए।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## प्रशासनिक सुधारको प्रस्थानबिन्दु: एकद्वार सेवा प्रणाली

सार्वजनिक प्रशासनको मुख्य ध्येय नागरिकलाई झण्झटमुक्त र सुलभ सेवा प्रदान गर्नु हो । तर, नेपालका सरकारी कार्यालयहरूमा सामान्य कामका लागि पनि नागरिकले सास्ती खेप्नुपर्ने नियति पुरानो हो । यसै सन्दर्भमा गृह मन्त्रालयले देशभरका जिल्ला र इलाका प्रशासन कार्यालयहरूलाई 'एकद्वार सेवा प्रणाली' लागू गर्नेसहित जारी गरेको नौबुँदे निर्देशन अत्यन्तै सकारात्मक र समयसापेक्ष छ । यस कदमले नागरिक र राज्यबीचको दूरी घटाउने र सुशासनको प्रत्याभूति दिलाउने अपेक्षा गर्न सकिन्छ ।

विगतको अनुभव हेर्दा नागरिकता, राहदानी वा राष्ट्रिय परिचयपत्र बनाउन एउटै कार्यालयभित्रका विभिन्न कोठाहरू धाउनुपर्ने, प्रक्रिया स्पष्ट नहुँदा कर्मचारीबाटै उपेक्षित हुनुपर्ने र बिचौलियाको सहारा लिनुपर्ने बाध्यता व्याप्त थियो । गृह मन्त्रालयको नयाँ निर्देशनले यी बेथितिहरूलाई जरैदेखि उखेल्ने लक्ष्य राखेको देखिन्छ । सेवाग्राही छिर्नेबित्तिकै सहायता कक्ष (हेल्प डेस्क) को व्यवस्था हुनु, कागजात नपुगेको खण्डमा स्पष्ट टिपोट दिनु र टोकन प्रणालीमार्फत काम हुनुले कर्मचारीको तजबिजी अधिकारलाई सीमित गर्दै प्रणालीलाई पारदर्शी बनाउँछ ।

प्रशासनिक सेवामा देखिएको अर्को ठूलो समस्या कर्मचारीको व्यवहार र कार्यशैली हो । सेवाग्राहीलाई 'भगवान्' मान्नुको साटो बोझ सम्झिने प्रवृत्तिले सरकारी सेवाप्रति नैराश्यता बढाएको थियो । निर्देशनमा भनिएझैं सेवाग्राहीसँग मर्यादित भाषा प्रयोग गर्ने, अशक्त र अपांगता भएका व्यक्तिको गुनासो सुन्न प्रमुख जिल्ला अधिकारी आफैं उनीहरूसमक्ष पुग्ने र कर्मचारीको कार्यसम्पादनको वस्तुनिष्ठ मापन गर्ने पद्धतिले 'जनताको सेवक' भन्ने कर्मचारीको वास्तविक पहिचान स्थापित गर्न सक्छ । विशेषगरी बिचौलिया नियन्त्रणमा शून्य सहनशीलताको नीति लिनुले सर्वसाधारणलाई आर्थिक र मानसिक शोषणबाट बचाउने छ ।

यद्यपि, कागजमा गरिने निर्णय र जारी गरिने परिपत्र आफैंमा पर्याप्त हुँदैनन् । विगतमा पनि यस्ता थुप्रै सुधारका प्रयासहरू घोषणामा मात्र सीमित भएका उदाहरण प्रशस्त छन् । त्यसैले, यो नौबुँदे निर्देशनलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नु नै अहिलेको मुख्य चुनौती हो । प्रविधिको प्रयोगलाई बढावा दिने, कर्मचारीको क्षमता विकास गर्ने र नियमित अनुगमन प्रणालीलाई चुस्त राख्न सकेमात्र यो प्रणाली सफल हुने छ ।

एकद्वार सेवा प्रणाली केवल भौतिक सुधारमात्र नभएर प्रशासनिक मानसिकतामा आउनुपर्ने परिवर्तन पनि हो । यदि जिल्ला प्रशासन कार्यालयहरूले गृह मन्त्रालयको निर्देशनलाई अक्षरशः पालना गर्ने र सेवाग्राहीलाई केन्द्रमा राखेर काम गर्ने हो भने, यसले संघीय लोकतान्त्रिक गणतन्त्रको लाभांश जनतासम्म पुऱ्याउन ठूलो मद्दत गर्ने छ । अबको आवश्यकता 'सुधार' को घोषणामात्र होइन, 'सुधार' को अनुभूति हो ।

श्रम सरोकार

## निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको टयाग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।

# सहरीकरणका समस्या र चुनौतीको व्यवस्थापन



❑ गम्भीरबहादुर हाडा

"नेपाल द्रुत गतिमा सहरीकरणतर्फ उन्मुख हुँदै गएको छ । पछिल्लो प्रतिवेदनअनुसार २१ सहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या २७.०७ प्रतिशत पुगेको छ । साथै, सहरोन्मुख क्षेत्रमा बसोबास गर्ने जनसंख्या ४०.० प्रतिशत रहेको छ । आधुनिक दिगो र व्यवस्थित सहरीकरण तथा बस्ती विकासका साथै सीमान्तकृत, घरबारविहीन, सामाजिक आर्थिकरूपले पछि परेका वर्गका लागि संरक्षित आवास उपलब्ध गराउन विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन् । सहरीकरणलाई व्यवस्थित तथा गुणात्मक बनाई सन्तुलित विकासका लागि सहरी नीति केन्द्रित हुनुपर्ने देखिन्छ ।"

साधारण शब्दमा हेर्दा सहर त्यो हो जहाँ मानिसहरूको मुख्य पेसा कृषिबाहेक अन्य द्वितीय र तृतीय व्यवसायको रूपमा हुन्छ । जो यातायात, प्रशासन, शिक्षा, चिकित्सा आदि विविध प्रकारका सामाजिक सांस्कृतिक कार्यहरूको केन्द्रबिन्दु रहेको हुन्छ, जहाँ प्राकृतिक साधनहरूलाई स्वरूप/गुणमा परिवर्तन गरी सामानको रूपमा प्रयोग गरिन्छ । अर्को शब्दमा घना आवादीको क्षेत्र नै सहर हो, जहाँ हरेक प्रकारका सुविधा प्राप्त हुन्छ । यस आधारमा हेर्दा सहर भन्नाले मानव निवासीहरूको त्यस प्रकारको स्थायी र सघन समूहलाई भनिन्छ जहाँ गैरकृषि क्षेत्रको प्रधानता रहेको हुन्छ ।

सहरीकरण शब्दको उत्पत्ति ल्याटिन शब्द 'अर्बानस'बाट आएको हो । सहरीकरणले त्यस प्रक्रियालाई संकेत गर्छ जसको माध्यमबाट सहरको निर्माण हुन्छ । यसको अतिरिक्त सहरीकरणको अर्थ मानिसहरूद्वारा सहरी सभ्यतालाई स्वीकार गर्नु हो । लगभग हरेक देशमा गाउँबाट सहरतिर जनसंख्याको बसाइँ सराइ हुन्छ । सहर शब्दले भूमिको उपयोग, सेवाको प्रावधान, स्थानीय अधिकार, भवन र सडकहरूको विभिन्न रूपलाई देखाउँछ । सहरी क्षेत्रले घनत्व, आकार, अवस्था र यसको प्रयोग गर्ने तरिकालाई देखाउँछ ।

सहरीकरणमा परिवर्तन ल्याउने तत्वहरू भन्नाले विभिन्न प्रकारका सामाजिक, आर्थिक, प्राविधिक तथा भौतिक पक्षलाईसमेत लिने गरेको पाइन्छ । प्राविधिक शक्तिले प्रारम्भिक सहरी क्षेत्रमा परिवर्तन ल्याउने काम गरेको हुन्छ । सुधारिएको प्रविधिसँगै सहरी जीवनलाई पनि क्रान्तिकारी तुल्याउँदै लगिएको हुन्छ । सहरमा प्रविधिकै कारण यातायातको सुविधाले काम गर्न मानिसहरू धेरै किलोमिटर टाढासम्म जान सक्ने वातावरण भएको हुन्छ । किनभने, प्रविधिले दूरीलाई छोटो तुल्याउन मद्दत गरेको हुन्छ । सुन्दरता, स्वास्थ्य र भौतिक सुविधाहरू सहरी योजनाका धेरै महत्त्वपूर्ण तत्वहरू हुन् । सहरका भौतिक साधनहरू भवन, सडक र भूमि हुन् । भौतिक साधनलाई सामाजिक, आर्थिक र प्राविधिक तत्वहरूबाट पन्छिने कुरामा हेर्न सकिने छैन । प्राविधिक, आर्थिक, सामाजिक र भौतिक तत्वहरू सहरीकरणका प्रक्रिया परिवर्तन ल्याउने महत्त्वपूर्ण साधनहरू हुन् । प्राविधिक तत्वहरूले सहरी क्षेत्रका उत्पत्तिका लागि एउटा आधारलाई प्रोत्साहित गर्दछन् । सुधारिएको प्रविधि सहरी जीवनमा क्रान्ति ल्याउँछ । सहरमा जनसंख्याको वृद्धि, ठूलठूला भवनहरूको निर्माण, औद्योगिक र व्यावसायिक क्रियाकलापमा वृद्धि, आधुनिक सुविधाको खोजी र विकास, घना र बाक्लो भई सहरले विगतको आफ्नो आधार स्थिति र स्वरूपमा परिवर्तन गर्दै आजभन्दा भोलि आफ्नो फैलावट बढाउने गर्छ ।

सहरीकरणको अर्थ सहरमा जनसंख्याको अधिक केन्द्रीकरण र जनसंख्याको परिवर्तनसँग सम्बन्धित हुन्छ । कुनै पनि सहरमा जनसंख्याको अधिक केन्द्रीयकरणको प्रक्रिया दुई तत्वसँग सम्बन्धित रहेको हुन्छ । (क) केन्द्रीयकरण बिन्दुको गुणात्मक वृद्धि (ख) व्यक्तिगत केन्द्रीयकरणबाट आकारमा वृद्धि । तसर्थ सहरीकरण त्यो क्षेत्र हो, जहाँ २० हजारभन्दा बढी जनसंख्या बसोबास गर्दछन् । डेविसको भनाइअनुसार समाजमा परिवर्तन ल्याउने प्रक्रियाद्वारा स्थानीय र क्षेत्रीयरूपमा हुने क्रिया प्रतिक्रियाहरूमा वृद्धि हुन्छ । यस क्रिया र प्रतिक्रियाको परिणामस्वरूप नयाँ समस्याहरूको जन्म हुन्छ । तसर्थ कुनै क्षेत्रमा सहरीकरण हुनु त्यस क्षेत्रको सामाजिक र आर्थिक विकासको सूचक हो ।

सहरीकरण हुनुमा मुख्यतया आर्थिक विकास, बसाइँसराइ, राजनीतिक र सामाजिक परिवर्तन, उच्चदरमा ग्रामीण जनसंख्या वृद्धि हुनु र आर्थिक ध्रुवीकरणलगायतका कारणहरू रहेका छन् । हालको अवस्थालाई दृष्टिगोचर गर्दा स्पष्टतः दुई रूपमा सहरीकरण हुन गएको पाइन्छ- ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा हुन गएको जनचाप र क्रमिकरूपमा जनसंख्याको वृद्धि । नेपालमा सहरी विकास प्रक्रियाका कारक तत्वहरूमा जनताको बढ्दो महत्त्वाकांक्षाहरू, औलो उन्मूलन र राजमार्गको निर्माण, अन्तर र्‍ाष्ट्रिय माग बढाउने उद्योगधन्दाहरूको विकास र विस्तार, पर्यटनस्थल र धार्मिकस्थलको अवस्थिति रहेका छन् । त्यस्तै जिल्ला र क्षेत्रीय सदरमुकामको कारण नेपाल भारतीय सिमानामा रेल्वेको सुविधा, आन्तरिक सुरक्षा र सुविधा तथा नगरपालिकाहरूको स्तर वृद्धि भएका कारणहरूलाई लिन सकिन्छ । नेपाल दक्षिण एसियाली देशहरूको तुलनामामात्र होइन, प्रायः सबै विकासोन्मुख देशहरूको दाँजोमासमेत कम सहरीकरण भएको मुलुक हो ।

नेपालमा कूल जनसंख्याको ६६.२ प्रतिशत मानिस सहरमा बसोबास गर्दछन् (जनगणना, २०७८) । यसरी सहरी जनसंख्या तीव्र रूपमा बढ्दै जाने र यसबाट प्रभाव पर्ने पक्षहरूमा खासगरी आर्थिक वृद्धि, रोजगारी सिर्जना, नवप्रवर्तन र सांस्कृतिक आदानप्रदानलगायतका सवालहरूमा निर्णायक केन्द्रको रूपमा रहने सहरहरूको अर्थव्यवस्थाहरूको स्थिति आफ्ना बासिन्दाहरूमा लाभ प्रदान गर्न सक्ने हुन्छन् भन्ने विषय आजको बहस भएको छ । यसका लागि समावेशी तथा लचिलो सहरी विकास, जीवन्त आकर्षक स्थानसहितको पसल माथि र अपार्टमेन्टहरू, अभिनव रेस्टुरेन्ट, हाइटेक हबलगायतका चौबीसै घण्टा गतिशील रहेको सहर, विद्यमान सामग्रीहरू एवं वस्तुहरूको बाँडफाँट गर्दै, लिजिङ, पुनः प्रयोग, मर्मत, नवीकरण गर्दै, रिसाइक्लिङ गर्दै उत्पादन र उपभोगको शृंखलामा रहन सक्ने किसिमको सर्कुलर अर्थव्यवस्थासहितको मानवकेन्द्रित विकास प्राथमिकताका विषयहरू रहेका हुन्छन् । (घिमिरे, राजेशबाबु)

नेपाल द्रुत गतिमा सहरीकरणतर्फ उन्मुख हुँदै गएको छ । पछिल्लो प्रतिवेदनअनुसार २१ सहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या २७.०७ प्रतिशत पुगेको छ । साथै, सहरोन्मुख क्षेत्रमा बसोबास गर्ने जनसंख्या ४०.० प्रतिशत रहेको छ । आधुनिक दिगो र व्यवस्थित सहरीकरण तथा बस्ती विकासका साथै सीमान्तकृत, घरबारविहीन, सामाजिक आर्थिकरूपले पछि परेका वर्गका लागि संरक्षित आवास उपलब्ध गराउन विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन् । सहरीकरणलाई व्यवस्थित तथा गुणात्मक बनाई सन्तुलित विकासका लागि सहरी नीति केन्द्रित हुनुपर्ने देखिन्छ ।

गाउँबाट सहर रूपान्तरणको क्रम बढेसँगै जनसंख्याको भौगोलिक संरचनामा पनि परिवर्तन भएको छ । करिब १७.० प्रतिशत भूभाग ओगटेको तराई मधेसमा ५३.७ प्रतिशत जनसंख्या रहेको छ भने पहाडी तथा हिमाली क्षेत्रमा ४६.३ प्रतिशत जनसंख्या रहेको छ । खुम्चिँदो ग्रामीण जनसंख्या र बढ्दै गएको सहरी जनसंख्याका कारण पहाड तथा हिमालमा पूर्वाधार निर्माण तथा सेवा सुविधामा प्रतिव्यक्ति लागत बढ्दै गएको छ । जनघनत्व अधिक रहेको तराई मधेसमा ठूला पूर्वाधार निर्माणमा लगानी बढाउनुपर्ने छ । जलविद्युत् क्षेत्रमा लिइएको नीतिगत व्यवस्थाका कारण ऊर्जाको क्षेत्रमा मुलुक आत्मनिर्भर उन्मुख हुँदै गएको छ । विद्युत् उत्पादनमा वृद्धि भई विद्युत्को पहुँच पुगेको जनसंख्या पनि बढेको छ ।

चौथो जीवनस्तर सर्वेक्षण २०२२-२३ अर्थात् (२०७९-८०) मा सातै प्रदेशको सहरी तथा ग्रामीण क्षेत्र र काठमाडौं उपत्यकाका सहरी क्षेत्र गरी १५ वटा विश्लेषणात्मक क्षेत्रसम्मको नतिजा प्राप्त हुनेगरी नमूना छनोट विधि अवलम्बन गरिएको छ । विश्लेषणात्मक क्षेत्रअनुसार औसत प्रतिव्यक्ति वार्षिक उपभोग खर्च (प्रचलित मूल्यमा) सबैभन्दा बढी काठमाडौं उपत्यकाका सहरी क्षेत्रमा दुई लाख ६३ हजार ३२८ रूपैयाँ रहेको छ भने सबैभन्दा कम मधेस प्रदेशको ग्रामीण क्षेत्रमा ७१ हजार ८२८ रूपैयाँ रहेको छ । नेपालको प्रतिव्यक्ति प्रतिवर्ष उपभोग खर्च एक लाख ३० हजार ८५३ रूपैयाँ रहेको छ । कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको सहरी क्षेत्रमा प्रतिव्यक्ति प्रतिवर्ष उपभोग खर्च उक्त खर्चभन्दा बढी रहेको पाइएको छ ।

प्रचलित मूल्यमा प्रतिव्यक्ति उपभोग खर्चलाई सबैभन्दा कम उपभोग खर्च गर्ने परिवारबाट सुरु गरेर सबैभन्दा धेरै खर्च गर्ने परिवारको क्रममा राख्दा उपभोग खर्चको हिसाबले गरिबदेखि धनी परिवारको शृंखला बन्दछ । यसपछि यो शृंखलाबद्ध परिवारलाई बराबर संख्यामा विभाजन गरी १० वा पाँच समूह बनाउने गरिन्छ । यसले उपभोग खर्चमा आधारित गरिबदेखि धनीको १० (१०-१० प्रतिशतको) वा पाँच (२०-२० प्रतिशतको) समूह बन्दछ । पहिलोलाई उपभोग-खर्चको दशमक र दोस्रोलाई पञ्चमक पनि भन्ने गरिन्छ ।

सहरोन्मुख कम र ग्रामीण परिवेश बढी भएको देखिन आउँछ । नेपालका अधिकांश जनता गाउँबाट सहरतिर बसाइँसराइ गरेको भनेता पनि तथ्यांकले भने वास्तविक सहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या २७ प्रतिशतमात्र रहेको देखाएको छ । वास्तविक सहर अर्थात् सहरी केन्द्रमा बस्नेको संख्या १६.८४ प्रतिशत, घना सहरी क्षेत्रमा ६.८१ प्रतिशत र अर्धघना क्षेत्रमा ३.४१ बस्ने गरेको पाइएको छ । यस क्षेत्रको वास्तविक सहरी क्षेत्रमा २७ प्रतिशतमात्र जनसंख्याको बसोबास गर्ने पाइएको तथ्यांक कार्यालयको भनाइ रहेको छ ।

२०७८ सालको जनगणनाले महानगर, उपमहानगर र नगरपालिकाभित्र ६६.१७ प्रतिशत र गाउँपालिकामा ३३.८३ प्रतिशत मानिस बस्ने देखाएको थियो । यसले गर्दा ६६.१७ प्रतिशत मानिस सहरमा बसेको जस्तो देखिएको थियो । राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुख तथ्यांक अधिकारीले विगतका जनगणनामा ग्रामीण जनसंख्या र सहरी जनसंख्या गरी विभाजन गर्ने गरेकामा जनगणना-२०७८ ले यसरी विभाजन नगरेको बताउँदै यसकारण ग्रामीण वा सहरी जनसंख्या कति हो आधिकारिक तथ्यांक प्रस्तुत नभएको स्पष्ट पारे ।

नेपालमा बढ्दो सहरीकरण र बसाइँसराइको समस्या तथा चुनौतीहरूमा उत्पादन भूमिको ह्रास हुनु, वातावरण प्रदूषण, मूल्यवृद्धि हुन्छ, भौतिक सुविधाको कमी, प्राकृतिक स्रोत र साधनमा दबाब, अव्यवस्थित बसोबास, कृषियोग्य भूमिमा ह्रास, पुरातात्विक र ऐतिहासिक वस्तुको जगेर्नामा जटिलता, वस्तु तथा सेवाको पर्याप्त आपूर्तिमा कठिनाइ, सांस्कृतिक विविधतामा ह्रासलगायत हुन् । साथै, विभिन्न सामाजिक विसंगति र अनैतिक क्रियाकलाप वृद्धि हुने, सामाजिक मूल्यमान्यता र संस्कारमा ह्रास, फोहोरमैला वृद्धि तथा महामारीको प्रकोप, बेरोजगारी, यातायात व्यवस्थापनलगायतमा समस्या र चुनौती रहेका छन् ।

### व्यवस्थित सहरीकरणका उपायहरूः

- सहरी विकास प्रयासमा देखिएका संरचनात्मक अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै संरचनात्मक रूपान्तरणमार्फत सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने, सहरी योजना कार्यान्वयन सम्बन्धमा सबै तह (संघ, प्रदेश, स्थानीय तह) र पक्ष (सरकारी, निजी, सहकारी, गैरसरकारी, विकास साझेदार तथा अन्य) का सरकारवाला निकायबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउने ।
- सहरी विकास अध्ययन, अनुसन्धान तथा तथ्यमा आधारित सहरी विकास नीति निर्माण एवं विकासका कार्यक्रम कार्यान्वयन गर्ने, विगतका वर्षहरूमा नेपालको सहरीकरण अन्य एसियाली मुलुकको तुलनामा न्यून देखिएता पनि आगामी वर्षहरूमा विश्वमै तीव्र सहरीकरण हुने मुलुकको सूचीमा रहने देखिन्छ । त्यसैले सहरीकरणलाई सर्वसाधारण नागरिकको आकर्षण र रोजाइको विषय बनाउन र हरित, लचिलो, समावेशी बनाउन स्थानीय सडक पुल तथा झोलुंगे पुल निर्माणलगायतका स्थानीय पूर्वाधार विकास निर्माणका लागि व्यवस्थित गराउनु आवश्यक छ ।
- ग्रामीण पूर्वाधार विकासलाई सन्तुलित, दिगो र वातावरणमैत्री बनाउनुका साथै स्थानीय बजार र उत्पादनलाई जोडी ग्रामीण जीवनलाई सरल, सहज र उत्पादनमूलक बनाउन सबै आय वर्गका निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, सुलभ र उत्थानशील आवास निर्माण तथा स्तरोन्नति गर्न, संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा एकीकृत बस्ती विकास गर्नु आवश्यक छ ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्ने, ढल निकासको व्यवस्था गर्ने, प्राकृतिक सम्पदाहरूको संरक्षण गर्न उद्योग र कृषि प्रविधिलाई संरक्षणमुखी बनाउने, दाउराको विकल्पमा ग्यास प्रयोग गराउने, विभिन्न योजना नीतिहरू तर्जुमा गरी कार्यान्वयन गराउने, खाली ठाउँमा वृक्षरोपण गर्न लगाउने, फोहोरमैलाको उचित विसर्जन गराउने, घर तथा आवास क्षेत्र निर्माणको निश्चित मापदण्ड, सडक निर्माण, खानेपानी, ढल निकास आदि कार्यक्रम विस्तारका लागि एकआपसमा समन्वय गराउने ।
- सहरलाई दिगो बनाउन व्यवस्थित सहरीकरणका लागि प्रशासनिक भवनहरू एकीकृत सेवा केन्द्रको रूपमा निर्माण गर्ने, विद्यमान राष्ट्रिय भवन संहिताहरू समयसापेक्ष परिमार्जन गरी नयाँ राष्ट्रिय भवन संहिता निर्माण गर्ने । बहुक्षेत्रीय सन्तुलित विकासका लागि एकीकृत सहरी पूर्वाधारको अवधारणाअनुसार योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।
- सहरी सेवा सुविधामा युटिलिटी कोरिडोरको अवधारणा लागू गर्नुपर्ने, सहरी क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन तथा प्रदूषणको न्यूनीकरणका लागि बहुक्षेत्रीय समन्वय (स्थानीय तहको अगुवाइ, संघ र प्रदेशको स्रोत व्यवस्थापन र विज्ञ सहयोग र फोहोर उत्सर्जकको जिम्मेवारी) गरी दिगो समाधान अवलम्बन गर्ने ।
- प्रदेशमा सहरी कोरिडोरको विकासको अवस्था हेरी प्राथमिकतामा राख्न सहजीकरण गर्ने, सहरी पूर्वाधार सेवामा निजी, सरकारी-निजी साझेदारी, अन्तरसरकार साझेदारी र सहकारी क्षेत्रको रणनीतिक लगानी गर्ने गरी संयन्त्र खडा गर्ने, सहरी योजना तर्जुमा र कार्यान्वयनका लागि चाहिने स्रोत तथा जनशक्ति- सहरी योजनाकार, वास्तुविद्, इञ्जिनियर सम्मिलित समूह कार्यको व्यवस्थापन गर्ने ।
- ग्रामीण क्षेत्रको माग र आवश्यकताअनुरूप दिगो आधुनिक प्रविधियुक्त पूर्वाधार विकासको मापदण्ड लागू गर्नुपर्ने ।
- छरिएको बस्तीलाई एकत्रित गर्न संयुक्त र मिश्रित आवास निर्माणलाई जोड दिई पूर्वाधार विकासलाई न्यूनतम लागतमा सम्पन्न गराउने उपयुक्त प्रविधि र डिजाइनलाई प्रोत्साहित गर्ने ।
- पूर्वाधार विकासमा राष्ट्रिय सन्तुलन कायम गर्न आवश्यकता पहिचान गरी स्थानीय तहको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, विपद्को उच्च जोखिमयुक्त स्थान तथा चुरे क्षेत्रमा रहेका बस्तीहरू तथा स्थानान्तरण गरी असुरक्षित बस्ती र कमजोर आवास संरचनाका कारण बर्सेनि हुने ठूलो धनजनको क्षति कम गर्ने
- गुणस्तरीय निर्माण सामग्रीको आपूर्ति व्यवस्था मजबुत बनाउने
- राष्ट्रिय भवन संहिता पालनामा सरोकारवालाको सहभागिता बढाउन निर्माण क्षेत्रको अनुगमनलाई जोड दिने, ऐतिहासिक तथा पुरातात्विक सम्पदा पुनर्निर्माणमा निर्माणपूर्व यसको प्रक्रिया र निकायगत अन्योलता तथा स्रोतको व्यवस्थापनसम्बन्धी समस्या समाधान गर्ने, विकास साझेदारबाट सहयोग प्राप्ति, प्रयोग र परिचालन गर्न जोखिम विश्लेषणसहितको सूक्ष्म योजना तय गरी कार्यारम्भ गर्ने
- देशका मौजुदा र सम्भाव्य सहरी वनको सूचना एकीकृत गरिनुपर्छ । सहरका कस्ता ठाउँमा कुन प्रजातिका र कुन साइजका बिरुवा रोप्ने भन्नेबारे स्पष्ट मापदण्ड तयार गरिनुपर्छ । दीर्घकालीन सोचविना रोपिएका रुखले फाइदाभन्दा समस्या बढी पार्न सक्छन् । पालिकाको योजनामा हरियाली प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकतामा राखिनुपर्छ ।



भिटामिन 'ए' खुवाउँदै | तनहुँको व्यास नगरपालिका-३ प्रशासनचोकमा आइतबार बालबालिकालाई भिटामिन 'ए' खुवाउँदै स्वास्थ्यकर्मी । *तस्विर: रासस*

# मन्त्रालयको संख्या घटाउँदै बागमती प्रदेश सरकार

■ प्रभाव संवाददाता

**मकवानपुर–** बागमती प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने तयारी गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले केही दिनभित्रै बागमती प्रदेश मन्त्रिपरिषद् १४ मन्त्रालयबाट घटाएर मुख्यमन्त्रीसहित सात मन्त्रालय पदस्थापन गर्ने तयारी भइरहेको आइतबार प्रदेशसभा बैठकमा जानकारी दिएका हुन् ।

उनले विभिन्न मन्त्रालयबाट हुने आर्थिक स्रोतसाधनलाई दुरूपयोग हुने क्रमलाई नियन्त्रण गर्न सरकारले उच्चस्तरीय प्रशासनिक संरचनाबाट प्राप्त भएको सुझावलाई प्रदेश सरकारले कार्यान्वयन गर्दै लैजाने उल्लेख बताए ।

मन्त्री तामाङले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बजेटको तर्जुमा गरिने क्रममा बहुवर्षीय योजनालाई आवश्यकताअनुसार कार्यान्वयन गर्दै लैजाने सरकारको नीति रहेको जानकारी दिए । प्रदेशमा आर्थिक क्षेत्रलाई सन्तुलितरूपमा राख्न बजेटले आत्मसात् गरेकोसमेत उनले उल्लेख गरे ।

सोही बैठकमा आर्थिक मामिलामन्त्री तामाङले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ लाई दफाबार छलफलका लागि अर्थ तथा विकास समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गरे । यसैगरी, प्रदेश खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री कृष्णकुमार तामाङले प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ लाई दफावार छलफलका लागि अर्थ तथा विकास समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस गरे । सोही बैठकले ती दुवै प्रस्तावलाई अर्थ तथा विकास समितिमा पठाउन सर्वसम्मतिबाट स्वीकृति प्रदान गर्‍यो ।

बैठकमा विशेष समयमा बोल्ने प्रदेशसभाका सदस्यहरूले राष्ट्रिय सरोकारको विषयमा उठाएका विभिन्न प्रश्नको क्रमशः बागमती भौतिक पूर्वधार तथा योजनामन्त्री डा. दिनेशचन्द्र देवकोटा, प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री मधुसूदनराज पौडेल, आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज अधिकारी र वनमन्त्री भरत केसीले जवाफ दिएका थिए ।

बैठकको विशेष समयमा सत्तापक्ष र प्रतिपक्षका सदस्यहरू सहभागी हुँदै प्रदेशको विभिन्न जिल्लामा बर्सात्को मौसम सुरु भइसकेको हुँदा जिल्ला दैवीप्रकोप उद्धार समितिलाई प्रदेश सरकारले स्रोतसाधन उपलब्ध गराई जनधनको क्षति हुनबाट जोगाउनेतर्फ अग्रसर हुनुपर्ने सुझाव दिए । उनीहरूले प्रदेशको विभिन्न जिल्लामा विपन्न तथा सर्वसाधारण नागरिकलाई अहिले संघीय सरकारले पेट्रोलियम पदार्थमा अति नै मूल्यवृद्धि गरेको कारणबाट सर्वसाधरणलाई दैनिक उपभोगको सामग्री मूल्यवृद्धि हुनाका साथै स्वास्थ्योपचार सेवामा पनि कठिनाइ भोग्नुपरेको गुनासो आएकाले प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरेर पेट्रोलियम पदार्थको मूल्य घटाउन माग गरेका थिए ।

# गैंडाकोटमा कार्यान्वयनमा आएन संस्थागत विद्यालयको शुल्क निर्धारण मापदण्ड निर्देशिका

■ टेकराज पोखरेल

**नवलपुर (नवलपरासी)–** नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट नगरपालिकाले संस्थागत विद्यालयको शुल्क निर्धारण गरेको छ । संघीय सरकारले तयार पारेको निर्देशिकासँग बाझिनेगरी नगरपालिकाले शुल्क निर्धारण गरेको हो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले 'संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२' जारी गरेको छ । निर्देशिकाले निजी विद्यालयको शुल्क सीमा निर्धारण गरेको छ । गैंडाकोट नगरपालिकाको २०८० चैत २९ गते बसेको १४औं नगर कार्यपालिका बैठकले संस्थागत विद्यालयले लिन पाउने शुल्क निर्धारण गरेको छ ।

गैंडाकोटभित्र सञ्चालनमा रहेका विद्यालयलाई तीन वर्गमा वर्गीकरण गर्दै पालिकाले विद्यालयले लिन पाउने शुल्क नै तोकेर निर्णय गरेको छ । विद्यालयले लिन पाउने भर्ना शुल्क, वार्षिक शुल्क, मासिक शुल्क, परीक्षा शुल्क पालिकाले तोकेर निर्धारण गर्दा पालिकाले गरेको निर्णयमा परीक्षा शुल्क संघीय सरकारले तोकेकोभन्दा दोब्बरले बढी लिन पाउनेगरी निर्णय गरेको भेटिएको छ ।

पालिकाले संघीय सरकारले तोकेको शुल्कको थप १५ प्रतिशत रकम  विद्यालयले लिन पाउनेगरी शुल्क निर्धारण गरेको पाइएको छ । संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ को दफा १४.१ को क्रम संख्या ३ मा परीक्षा शुल्क शीर्षकमा मापदण्ड विवरण प्रस्तुत गर्दै, 'प्रत्येक कक्षाको लागि स्वीकृत मासिक पढाइ शुल्कको ५० प्रतिशतमा नबढाइकन वार्षिक वा किस्तामा लिनुपर्ने छ । परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाणपत्र छपाइबापतको खर्च यसैभित्र समेट्नुपर्ने छ' भनी उल्लेख गरिएको छ ।

गैंडाकोट नगरपालिकाको नगर कार्यपालिकाले गरेको निर्णय नम्बर १ को शुल्कका अन्य आधारहरूको क्रम संख्या ३ मा परीक्षा शुल्कबारे उल्लेख गरिएको छ । परीक्षा शुल्कको अधिकतम सीमा भनेर 'एक वर्षमा एक महिनाको मासिक शुल्कबराबर' शुल्क लिन पाउने भनेर निर्णय गरिएको छ ।

शिक्षा मन्त्रालयको निर्देशिकाले तोकेको संस्थागत विद्यालयले लिन पाउने परीक्षा शुल्कसँग पालिकाले निर्णय गरेर तोकेको परीक्षा शुल्क बाझिएको भए पनि यसलाई सच्याउनतर्फ पालिकाले ध्यान दिएको छैन । गैंडाकोट नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका (नगर शिक्षा अधिकारी) डा. बालकृष्ण चापागाईले संघीय सरकारको निर्देशिका हेरेर नै आफूहरूले शुल्क निर्धारण सिफारिस गरेको बताए । 'हामीले संघीय शिक्षा नियमावलीअनुसार नै हुनेगरी शुल्क निर्धारण गरेका छौं,' उनले भने, 'शिक्षा नियमावलीको सबै कुरा फलो गर्दा त अभिभावकले धेरै चर्को शुल्क तिर्नुपर्ने देखिएपछि हामीले शुल्क नै तोकेर निर्णय गराएका थियौं ।' यो परीक्षा शुल्क अहिल्यै पुनरावलोकन नभए पनि हरेक तीन वर्षमा शुल्क निर्धारण र पुनरावलोकन हुने चापागाईको भनाइ छ ।

गैंडाकोट नगरपालिका प्रमुख मदनभक्त अधिकारी भने संघीय निर्देशिकाविपरीत हुन गएको शुल्कलाई परिमार्जन गर्न सकिने बताउँछन् । 'हामी संघीय सरकारलाई चुनौती दिएर अगाडि बढ्न सक्दैनौं, नियम पालन गरेर अगाडि बढ्ने हो,' उनले भने, 'हामी अब फेरि एकपटक निर्देशिका अध्ययन गर्छौं, निर्देशिकाविपरीत भएको शुल्कलाई कार्यपालिका बैठकबाट पुनरावलोकन गराउँछौं ।' विद्यार्थीको हित र पढाइलाई गुणस्तरीय बनाउनेगरी नगर कार्यपालिका बैठकले शुल्क निर्धारण गरेको अधिकारीको भनाइ छ ।

गैंडाकोट नगरपालिका नगर कार्यपालिका बैठकले संस्थागत विद्यालयले लिन पाउने मासिक शुल्क भन्दै 'ग' श्रेणीका विद्यालयका लागि पूर्वप्राथमिक तहका लागि अधिकतम दुई हजार ३०८ रूपैयाँ लिन पाउने व्यवस्था गर्दै एउटा कक्षामा बढीमा ३० विद्यार्थी राख्न पाइने व्यवस्था गरेको थियो ।

त्यस्तै प्राथमिक तह (कक्षा १-५)का लागि अधिकतम दुई हजार ८७५ रूपैयाँ प्रत्येक माथिल्लो कक्षाका ५० रूपैयाँ वृद्धि गर्नसक्ने व्यवस्था गरेको थियो । निम्न माध्यमिक तह (कक्षा ६-८) का लागि तीन हजार १२७ रूपैयाँ शुल्क निर्धारण गर्दै प्रत्येक माथिल्लो कक्षामा १०० रूपैयाँ वृद्धि गर्नसक्ने व्यवस्था गरेको नगर शिक्षा अधिकारी चापागाईले बताए ।

त्यस्तै माध्यमिक तह (कक्षा ९-१०) का लागि तीन हजार ९३४ रूपैयाँ निर्धारण गर्दै प्रत्येक माथिल्लो कक्षामा १५० रूपैयाँ वृद्धि गर्न सकिने निर्णय भएको चापागाईको भनाइ छ । उनका अनुसार कक्षा १ देखि कक्षा १० सम्म हरेक कोठामा अधिकतम ३३ जना विद्यार्थी राखेर अध्यापन गराउन पाइने छ । पालिकाले माध्यमिक तह (कक्षा ११-१२) का लागि चार हजार ५२५ रूपैयाँ मासिक शुल्क निर्धारण गर्दै प्रत्येक माथिल्लो कक्षामा २०० रूपैयाँ वृद्धि हुनसक्ने तथा एउटा कोठामा ४० जनासम्म विद्यार्थी राख्न पाउने निर्णय गरेको थियो ।

विभिन्न १५ शीर्षकमा विद्यालयले विद्यार्थीसँग शुल्क लिन पाउनेगरी पालिकाले निर्णय गरेको छ । यसैबीच, गैंडाकोट नगरपालिकाले यही वैशाख ९ गतेबाट नयाँ शैक्षिक सत्र सुरु गर्न विद्यालयलाई दिर्देशन दिएको छ । पालिकाको निर्देशनअनुसार यहाँका संस्थागत विद्यालयहरूले वैशाख ९ गतेदेखि नै पढाइ सुरु गर्ने तयारी गरेका छन् । *रासस*

# सडक दुर्घटनाको जोखिम बन्दै सिरहाको हाटबजार

**सिरहा–** पूर्व-पश्चिम राजमार्गअन्तर्गत सिरहाको व्यस्त गोलबजार क्षेत्रका सडकमा लाग्ने हाटबजारका कारण दुर्घटनाको जोखिम बढ्नाका साथै ट्राफिक व्यवस्थापन अस्तव्यस्त बनेको छ । प्रत्येक मंगलबार र शनिबार लाग्ने हाटबजारले राजमार्गको ठूलो हिस्सा ओगट्दा सवारी सञ्चालन र पैदलयात्रीको आवागमनमा सास्ती हुँदै आएको हो ।

गुदरी हाटबजार भनेर चिनिएको यो बजारलाई गोलबजार नगरपालिकाले २०८२ देखि २०८५ सम्मका लागि कूल एक करोड २४ लाख ३० हजार रूपैयाँमा ठेक्का लगाएको छ । वार्षिक ४१ लाख १४ हजार रूपैयाँ राजस्व संकलन हुने भनिए पनि बजार व्यवस्थापनमा उचित काम नभएको स्थानीयको गुनासो छ । स्थानीय रामबाबु यादवले भने, 'नगरपालिकाले व्यापारीसँग रकम असुल्छ, तर सडकको जोखिम घटाउन र बजारलाई व्यवस्थित बनाउन चासो दिँदैन । त्यसैले दुर्घटनाको जोखिम झन् बढेर गएको छ ।'

गोलपार्क चोकबाट इलाका प्रहरी कार्यालय अगाडिसम्म करिब ५०० मिटर क्षेत्रमा फैलिएको हाटबजारमा सागसब्जी, फलफूलदेखि लत्ताकपडासम्मको व्यापार सडकमै हुन्छ । चोक नजिकै सवारीसाधन राख्ने स्थान र अर्कोतिर हाटबजार हुँदा पैदलयात्रीलाई हिँड्न सकस हुने गरेको स्थानीय प्रमोदकुमार सिंहले बताए ।

बजार व्यवस्थापनका लागि गोलबजार उद्योग व्यापार संघले पटक-पटक लिखित र मौखिक प्रस्ताव बुझाए पनि नगरपालिकाले सुनुवाइ नगरेको संघका उपाध्यक्ष राकेश गुप्ताले बताए । विगतमा नगरपालिकाले दुईपटक प्रयास गर्दा करिब १० लाख रूपैयाँ खर्च भए पनि त्यसको प्रभाव सडकमा नदेखिएको उनको भनाइ छ ।

नगरपालिकाका प्रवक्ता सञ्जित लामाले भने व्यवस्थापनका लागि सर्वदलीय बैठक राखिए पनि ठोस समाधान ननिस्किएको बताउँदै पुनः सर्वदलीय छलफलमार्फत निकास खोजिने जानकारी दिए । वार्षिक लाखौं राजस्व उठ्ने यो बजारलाई समयमा उचित ठाउँमा व्यवस्थापन नगरे ठूलो दुर्घटना निम्तिन सक्ने भन्दै गोलबजारवासीले चिन्ता व्यक्त गरेका छन् । *रासस*


**भिस्तारा नेपाल लिमिटेड**

(दर्ता न. ३७११३७।८२।८३ । थापाथली ११, काठमाडौं । फोन. ०१-५१११०००)

**जगेडा शेयर बिक्री सम्बन्धि ३५ दिने सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३/०१/०७)

यस कम्पनीको संचालक समितिको मिति २०८३ बैशाख ०२ गते बुधबारका दिन बसेको १९ औं बैठकको निर्णय अनुसार प्रति कित्ता रु.१०० का दरले कम्पनीको ३०,००,०००/- (तिस लाख) थान जगेडा शेयर बिक्री गर्ने प्रस्ताव गरिएकोले उक्त शेयर खरिद गर्ने पहिलो हक विद्यमान शेयरधनीहरूमा रहने भएकोले उक्त शेयर खरिद गर्न इच्छुक शेयरधनीहरूले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र कम्पनीको एन. आइ.सी एसिया बैंक लिमिटेडमा कायम रहेको खाता न. ०५४४१५०११७२३७००२ मा रकम जम्मा गरि सोको बैंक भौचर र जगेडा शेयर खरिदका लागि निवेदन सहित कम्पनीको केन्द्रिय कार्यालय थापाथली ११, काठमाडौंमा आइपुग्ने गरि आवेदन गर्नुहुन सुचित गरिन्छ। विद्यमान संस्थापक शेयरधनीहरूबाट आवेदन नपरेमा संस्थापक शेयरधनी भन्दा बाहिर व्यक्ति अथवा संस्थाहरूलाई उक्त जगेडा शेयर बिक्रिको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत अनुरोध गरिन्छ।

आज्ञाले
कम्पनी सचिव



**मलेसियामा रोजगार** कम्पनी : ZEITO PLASTIC COMPONENTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०४ | LT. No. 340642 | चलानी नं. ६०२५४०५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Production Workers | 14 | 1 | 1700 | ६४,१६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १३ गते (25th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.

श्रम ईजाजत नं. १०९३/०७३/०७४

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com


# पठन संस्कृति विकास गर्न दुई वर्षे अभियान सुरु

**इलाम–** जिल्लाको सूर्योदय नगरपालिका-५ मा पठन संस्कृति विकास गर्न अभियान सुरु गरिएको छ । अभियानमा सात वटा सामुदायिक विद्यालयका २१४ विद्यार्थी र ३५ शिक्षकलाई सहभागी गराइएको हो ।

रचनात्मक लेखन, प्रस्तुतीकरण र आलोचनात्मक विश्लेषणका सन्दर्भमा नियमित दुई वर्ष कक्षा सञ्चालन गरिने सूर्योदय-५ का वडाध्यक्ष उर्गेन बम्जनले बताए । उनका अनुसार विद्यार्थी र शिक्षकको पठन सीप सुधार गर्ने उद्देश्यले पाइला फाउण्डेसन नेपालसँगको सहकार्यमा अभियान सुरु गरिएको हो ।

'हामी एक साताको लक्ष्य लिएर प्रत्येक विद्यार्थीलाई कति सहभागी गराउन सकिन्छ सोहीअनुसार अगाडि बढ्ने योजना बनाउँछौं,' वडाध्यक्ष बम्जनले भने, 'पहिलो चरणमा कक्षा ७ सम्मका बच्चालाई सहभागी गराइएको छ ।'

अभियानका सहजकर्ता पाइला फाउण्डेसन नेपालका नरेन्द्र नगरकोटीले पठन संस्कृतिलाई आत्मसात् नगर्दा हाम्रो रचनात्मक क्षमता हराउँदै गएको बताए । 'बालबच्चाले पुस्तक पढ्ने कि नपढ्ने भन्ने कुरा घर, विद्यालय, प्रविधि र समाजले प्रभाव पारिरहेको हुन्छ,' उनले भने, 'अभिभावकले किताब पढ्ने बानी नदेखाए बालबालिकाले त्यसलाई महत्त्व दिन सक्दैन ।'

डिजिटल आकर्षणको प्रभावले पुस्तक अध्ययन गर्ने बानी हराउँदै गएपछि नगरपालिकाले यस वडाबाट अभियान सुरु गरेको कार्यवाहक नगरप्रमुख दुर्गाकुमार बरालले बताए । 'मोबाइलमा खेलिने खेल, भिडियो र सामाजिक सञ्जालले तुरुन्तै रमाइलो दिँदो रहेछ,' उनले भने, 'किताबले ध्यान र समय माग्ने भएकाले बच्चाहरू सजिलै डिजिटलतिर तानिएका छन् । यसको सकारात्मक कम नकारात्मक उपयोग बढी हुन थालेको छ । यो अभियान पालिकाभरि सञ्चालन गर्नेबारे छलफल गर्छौं ।'

पठन संस्कृति जबरजस्ती नहुने भन्दै प्रमुख प्रशासकीय अधिकृत विज्ञान कोइरालाले यो आकर्षणबाट सुरु हुने धारणा राखे । पठन संस्कृतिको विकासका लागि विद्यार्थी मात्रै नभई शिक्षक र अभिभावक जागरुक हुनुपर्ने उनको भनाइ छ ।  अभ्यास र आकर्षणले पढ्ने बानी सम्भव छ । विद्यालयमा पाठ्यपुस्तकमा सीमित रहेर अध्यापन गराइयो भने अतिरिक्त पठनप्रति रुचि हुँदैन,' उनले भने । *रासस*


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक ३५० वैशाख ६ गते २०८३ मा प्रकाशित Al Haya Recruitment Pvt. Ltd. को LT. No.340642 को Zeito Plastic Components Sdn Bhd कम्पनीमा कामदार संख्या पुरुष १४ र महिला १ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

Al Haya Recruitment Pvt. Ltd.

श्रम ईजाजत नं. १०९३/०७३/०७४

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, E-mail : alhaya.recruitment@gmail.com



**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मिति
वि.सं. १९९१/०२/०१ गते

स्वर्गारोहण मिति
वि.सं. २०८२/१२/१६ गते

स्व. लोपेन नुर्वु फिन्जो लामा सलाका

उमाकुण्ड गा.पा.१ गुम्देल, रामेछाप स्थायी घर भई हाल जोरपाटी  अरब बैंक काठमाडौं बस्दै आउनुभएका यस शेर्पा सेवा केन्द्रको आजीवन सदस्य **श्री लोपेन नुर्वु फिन्जो लामा सलाका**को ९१ वर्षको उमेरमा असामयिक निधन भएकोले आज **२१औं दिन**को पून्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**गेल्जे लामा**
अध्यक्ष
तथा सम्पूर्ण शेर्पा सेवा केन्द्र परिवार, बौद्ध टुसाल

# प्रभाव दैनिक





## 'चिरञ्जीवी भवः'बाट डेब्यु गर्दै प्रशंसा

पछिल्लो समय सामाजिक सञ्जाल र मोडलिङ क्षेत्रमा निकै रूचाइएकी इन्फ्लुएन्सर प्रशंसा रायमाझीले नेपाली चलचित्र क्षेत्रमा डेब्यु गर्ने भएकी छन् । चर्चित हास्य कलाकार तथा निर्देशकद्वय कुमार कट्टेल 'जिग्री ब्रो' र दीपकप्रसाद आचार्य 'काकु' को संयुक्त सहकार्यमा निर्माण हुन लागेको नयाँ चलचित्र 'चिरञ्जीवी भवः' बाट प्रशंसाले अभिनेत्रीका रूपमा आफ्नो फिल्मी यात्रा सुरु गर्न लागेकी हुन् । यस चलचित्रको औपचारिक घोषणा गत मंगलबार नयाँ वर्ष २०८३ को पावन अवसर पारेर गरिएको थियो । यो चलचित्रलाई दीपकले निर्देशन गर्दै छन् । यसको कथा कुमारको हो ।








## आइसिसी महिला ट्वान्टी-२० च्यालेन्ज ट्रफीमा नेपालको पहिलो जित

### इटालीलाई ५० रनले हरायो

■ प्रभाव संवाददाता

**काठमाडौं–** रुवाण्डामा भइरहेको पहिलो संस्करणको आइसिसी महिला ट्वान्टी-२० च्यालेञ्ज ट्रफीमा नेपालले इटालीलाई पराजित गर्दै प्रतियोगितामा पहिलो जित हासिल गरेको छ ।

रुवाण्डा क्रिकेट स्टेडियममा आइतबार भएको खेलमा नेपालले इटालीलाई ५० रनले पराजित गरेको हो । नेपालले जितका लागि दिएको ११३ रनको लक्ष्य पछ्याएको इटलीको पारी १८.४ ओभरमा सबै विकेट गुमाउँदै ६२ रनमा समेटियो । इटालीका लागि दुई ब्याटरबाहेक अन्यले दोहोरो अंकमा रन बनाउन सकेनन् । इटालीका चथुरिका महामालागेले २२ रन तथा पासिन्दी कनन्केगेले १२ रन जोडिन् ।

बलिङतर्फ नेपालका लागि रुबिना क्षेत्रीले चार, कविता कुँवरले दुई तथा मनिषा उपाध्याय, रिया शर्मा र रचना चौधरीले एक/एक विकेट लिइन् । त्यसअघि पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर ११२ रनको योगफल बनायो । नेपालका लागि उपकप्तान पूजा महतोले सर्वाधिक ४८ रन बनाइन् । उनले ४५ बलको सामना गर्दै दुई चौका र एक छक्का प्रहार गरिन् । त्यस्तै सम्झना खड्काले १६, बिन्दु रावलले १५ तथा कप्तान इन्दु बर्माले १० रन बनाइन् ।

बलिङतर्फ इटालीकी एमिलिया बार्ट्रमले तीन विकेट लिइन् । शनिबार भएको पहिलो खेलमा नेपाल अमेरिकासँग ४४ रनले पराजित भएको थियो । इटालीले भने पहिलो खेलमा घरेलु टोली रुवाण्डालाई पराजित गरेको थियो ।

## रोलिङ धुलाबारी इलाम गोल्डकपको सेमिफाइनलमा



**इलाम (प्रस)–** इलाम गोल्डकपको दोस्रो दिनको खेलमा रोलिङ क्लब धुलाबारी झापाले फिदिम स्पोर्टिङलाई ३-० गोलअन्तरले पराजित गरेको छ । जितसँगै रोलिङ क्लब सेमिफाइनलमा प्रवेश गरेको छ ।

रोलिङ क्लबका तर्फबाट प्रतापसिंह राईले मध्यान्तर अगाडिको २४औं मिनेटमा पहिलो गोल गरे । लगत्तै उक्त टोलीका निरज कार्कीले २५औं मिनेटमा दोस्रो गोल गरे । मध्यान्तर पछाडि सुरुमै अरुण मेचेले फिदिम स्पोर्टिङविरुद्ध तेस्रो गोल गरे ।

फिदिम स्पोर्टिङ पाएको पेनाल्टी सदुपयोग गर्न नसक्दा ३-० गोलअन्तरले पराजित हुन पुग्यो । खेलको 'म्यान अफ दि म्याच' रोलिङ क्लबका प्रतापसिंह राई घोषित भए । उनले आठ हजार रूपैयाँ पुरस्कार पाए ।

आज (सोमबार) एन पेनाङ मलेसिया र मच्छिन्द्र फुटबल क्लब काठमाडौंबीच प्रतिस्पर्धा हुने आयोजक रेडहर्ष फुटबल क्लबले जनाएको छ । यही वैशाख १२ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिताको विजेता टोलीले १० लाख रूपैयाँ र उपविजेताले पाँच लाख रूपैयाँ प्राप्त गर्ने छन् ।

## महिला गोल्डकप: चर्च ब्वाइज सेमिफाइनलमा

**झापा (प्रस)–** मेची रंगशालामा जारी प्रथम 'ओम साइ पाथीभरा हस्पिटल चन्द्रगढी महिला गोल्डकप' फुटबल प्रतियोगिताअन्तर्गत आइतबार भएको खेलमा चर्च ब्वाइज युनाइटेड विजयी भएको छ । निर्धारित ८० मिनेटको खेलमा चर्च ब्वाइजले भुटानको थिम्पु सिटी फुटबल क्लबलाई ३-२ गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो ।

खेलको २७औं मिनेटमा मरियम खातुनले गोल गर्दै चर्च ब्वाइजलाई अग्रता दिलाइन् । भुटानकी गोलकिपर अगाडि बढेको अवस्थामा खातुनले डिबक्स बाहिरबाट गरेको प्रहार जाली चुमेको थियो । पहिलो हाफको अतिरिक्त समयमा खातुनले व्यक्तिगत दोस्रो गोल थप्दै टोलीलाई २-० को अवस्थामा पुऱ्याइन् ।

दोस्रो हाफको ४४औं मिनेटमा भुटानकी रोता राईले गोल गर्दै टोलीलाई खेलमा फर्काइन् । त्यसपछि ५८औं मिनेटमा प्रिया घलेको क्रस क्लियर गर्ने क्रममा चर्चकी डिफेण्डर मनिता तामाङबाट आत्मघाती गोल हुन पुग्दा खेल दुई-दुई को बराबरीमा पुग्यो ।

निर्णायक गोल खेलको ७९औं मिनेटमा वर्षा ओलीले गरिन् । मध्यभागबाट पाएको बललाई गोलकिपरलाई बिट गर्दै उनले गरेको प्रहार गोलमा परिणत भएपछि चर्च ब्वाइजले ३-२ को महत्त्वपूर्ण जित दर्ता गऱ्यो । खेलको 'प्लेयर अफ दि म्याच' चर्च ब्वाइजकी मरियम खातुन घोषित भइन् । उनले ११ हजार रूपैयाँ प्राप्त गरिन् । प्रतियोगिताअन्तर्गत आज (सोमबार) नेपाल पुलिस क्लब र आयोजक चन्द्रगढी युवा क्लबबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेताले ११ लाख रूपैयाँ तथा उपविजेताले पाँच लाख रूपैयाँ पुरस्कार प्राप्त गर्ने छन् ।

# चलचित्र 'महाराजधिराज'को मुख्य भूमिकामा पूजा



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्माणको चरणमा रहेको चलचित्र 'महाराजधिराज'मा पूजा शर्माको इन्ट्री भएको छ । निर्माणपक्षले चलचित्रमा शर्मालाई मुख्य भूमिकामा अनुबन्ध गरेको हो ।

केकी अधिकारीपछि निर्माण टिमले कमर्सियल नायिकाको छवि बनाएकी शर्मालाई भित्र्याएको छ । यसै साता 'महाराजधिराज'मा हेमन्त बुढाथोकी पनि अनुबन्ध भएका छन् । कलाकार अनुबन्ध गर्ने क्रम अन्तिम चरणमा पुग्दै गर्दा सिनेमाको लाइनअप पनि थप बलियो बन्दै गएको छ ।

यसअघि नयाँ वर्षको अवसर पारेर चलचित्रको मुख्य भूमिकामा पुष्प खड्का अनुबन्धित भएका थिए । निर्माण पक्षले नयाँ वर्षको अवसर पारेर पुष्पलाई मुख्य भूमिकामा अनुबन्ध गरेको जानकारी दिँदै चलचित्रको पोस्टरसमेत सार्वजनिक गरेको थियो । 'पिरियड ड्रामा'को झल्को दिने यो सिनेमा यही वैशाखको दोस्रो सातापछि छायांकनमा जाने तयारीमा रहेको छ ।

परिच्छेद सेनको निर्देशनमा निर्माण हुन लागेको चलचित्रमा पुष्प, पूजा र केकीसँगै नीर शाह, आर्यन सिक्देल, रमेश उप्रेती, उषा रजक, हिउँबाला गौतम, जयकिशन बस्नेत, शिशिर भण्डारी, गजित विष्ट, आशा पौडेललगायत कालाकार छन् । निर्देशक सेनको 'ड्रिम प्रोजेक्ट' रहेको 'महाराजधिराज'मा अन्य ८० जना कलाकार रहने छन् । पुराना र नयाँ पुस्ताका कलाकारहरूको मिश्रण देखाउन 'महाराजधिराज' टिमले स्टारकास्टलाई अनुबन्ध गरेको छ ।

'महाराजधिराज'का प्रस्तुतकर्ता विराज विष्टले कलाकारको बलियो लानअप अनुसार नै सिनेमा पनि बलियो बजाउने उनले प्रस्ट पारे । चलचित्रको छायांकन सुनसरीको श्रीलंका टापुबाट सुरु हुने छ । त्यसपछि काठमाडौं, भक्तपुर र कीर्तिपुरका विभिन्न ऐतिहासिक तथा सुन्दर स्थानहरूमा चलचित्र खिचिनेछ । नवराज थापाले यस चलचित्रलाई क्यामरामा कैद गर्ने छन् ।

छत्रेश्वर म्यानेजमेन्ट प्रालिको ब्यानरमा निर्माण हुने यो चलचित्रमा निर्देशक सेन स्वयंको लेखन रहेको छ । 'महाराजधिराज'का निर्मातामा रवि खड्का, शिवराज पौडेल र टोपेन्द्र विष्ट हुन् । 'महाराजधिराज' आगामी फूलपातीमा प्रदर्शनको तयारी रहेको निर्माण टिमले जनाएको छ । निर्माण टिमका अनुसार 'महाराजधिराज'लाई आगामी बडादसैंको फूलपातीका अवसरमा देशव्यापी प्रदर्शन गर्ने लक्ष्य राखिएको छ ।


**मलेसियामा रोजगार** कम्पनी : CHOK YON MIN RECYCLE SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०४ | LT. No. 340684 | चलानी नं. ६०२५४०९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 20 | 0 | 1700 | ६३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १४ गते (27th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820, 9851147862, 9851089052
E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



**मलेसियामा रोजगार** कम्पनी : SECURIGUARDS FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/१४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/०६ | LT. No. 336216 | चलानी नं. ६०२४९८१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 33 | 0 | 1700 | ६३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १४ गते (27th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी ... मा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal, Dinesh Thapa 9841682307, Tel: +977-1-4440633



## ॐ साई कृषि सहकारी संस्था लि.

ल.पु.म.न.पा.वडा नं.१२ लगनखेल ललितपुर को नं. ०१४४२९८३४

### धितो लिलाम सम्बन्धित ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८३/०१/०७ गते*

यस सहकारी संस्थाबाट ऋण लिनु भएका तपसिलमा उल्लेखित ऋणिहरूले कर्जा लिदा गरिदिएको लिखित र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता र हर्जनाको रकम नतिरेको हुदा तपाईहरूको नाममा पटक पटक संस्थाको तर्फबाट मौखिक तथा लिखित तरताकेता एवम् राष्ट्रियस्तरको दैनिक पत्रिका प्रभाव दैनिकमा सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्नतर्फ कुनै सोच नदेखिएको हुँदा धित्तो लिलाम सम्बन्धी यो सार्वजनिक सूचना जारी गरिएको छ । उक्त कर्जा र सो मा लाग्ने साँवा, ब्याज हर्जना रकम तथा लिलाम हुने मितिसम्मको अन्य दस्तुर समेत आजको मितिले **३५ (पैतिस) दिन**भित्र सम्बन्धित ऋणी स्वयम् वा प्रतिनिधि मार्फत चुक्ता गर्न आउनुहोला । अन्यथा सहकारी ऐन २०७४ एवम् सहकारी नियमावली २०७५ र अन्य प्रचलित कानुन बमोजिम संस्थाको लेना रकम असुल उपर गर्नको लागि सुरक्षणवापत लेखिदिएको तपसिल बमोजिम यस संस्थाको नाममा धित्तो दृष्टिबन्धक रहेको अचल सम्पत्ति (धित्तो) जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनमा वा सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन संस्थाको कार्यालय लगनखेलमा लिलाम हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । लिलाम हुँदा संस्थाको लेना रकम नपुग भएमा ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चलअचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुलउपर गरिने छ । लिलाम सकार गर्ने व्यक्ति, फर्म वा कम्पनीले लिलाम सकार गर्दा लिलाम कबुल गरेको मूल्यको १०% रकम सोही बखतमा धरौटी वापत बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिनभित्रमा चुत्ता गर्नु पर्नेछ । बाँकी रकम **७ (सात) दिन**भित्र चुक्ता नगरे उक्त धरौटी रकम जफत गरिनेछ । धितो लिलाम प्रक्रियामा कोही पनि सहभागी नभएमा संस्था आफैले उक्त धित्तो सकार गरी सम्बन्धित कार्यालय मार्फत दाखिला खारेज गरिने व्यहोरा जानकारी गराइन्छ । धितो लिलाम सकार हुँदा हाम्रो सम्पत्ति कम मूल्यमा वा यथोचित मूल्याङ्कन नगरी लिलाम सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन भन्ने व्यहोरा समेत सम्बन्धीत सबैलाई यो सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी तथा व्यक्तिगत धन जमानीवालाको नाम, थर र ठेगाना :**

| ऋणीको तिन पुस्ते विवरण | धनजमानी दिनेहरू | धित्तोमा रहेको सम्पतिको विवरण |
|---|---|---|
| **नाम : मायादेवी शाक्य**<br>**बाबु** : देवराज शाक्य<br>**हजुर बुबा** : पुण्यराज शाक्य<br>**ना.प्र.नं.** : ३४७ | **नाम : सुनिल शाक्य**<br>**बाबु** : देवराज शाक्य<br>**हजुर बुबा** : पुण्यराज शाक्य<br>**ना.प्र.नं.** : ५३५१३ | मायादेवी शाक्य र हर्ष राज शाक्य को संयुक्त मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेका ललितपुर उ.म.न.पा.वडा नं.१२ (हाल ललितपुर म.न.पा.१२) सिट नं.१२ को कित्ता नं.५८६ को क्षेत्रफल ०-१-१-३ मा रहेको घर जग्गा एवम् सम्पूर्ण लिगलगापात समेत । |
| **नाम** : हर्षराज शाक्य<br>**बाबु** : देवराज शाक्य<br>**हजुर बुबा** : पुण्यराज शाक्य<br>**ना.प्र.नं.** : ३४८ | **नाम** : सरला रन्जित शाक्य<br>**बाबु** : मंगल कृष्ण रन्जित<br>**हजुर बुबा** : हरि शरण रन्जित<br>**ना.प्र.नं.** : ९०६ | |



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति: २०८३/०१/०७**

यस सिटिजन्स बैंक इन्टरनेसल लिमिटेडको शाखा कार्यालय इमिलिया, कपिलबस्तुबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, व्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**१. ऋणी फर्मको नाम र ठेगाना**

**नाम** : **एस एम अटो पार्टस**
रजिष्टर्ड ठेगाना : शिवराज न पा -५, कपिलबस्तु ।
रजिष्ट्रेसन नं. : ८७६०।०७५ (प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा कपिलबस्तु ।)
पान /भ्याट नं. : ६०९२६८२६७

**ऋणी फर्मका प्रोप्राईटर तथा जमानीकर्ताको नाम र ठेगाना**

शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **मोहमद शमीम** (ना.प्र.नं.३८२०८०/२९६१५, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. दुवर धुनियाको नाती, शैमुल धुनिया को छोरा, कपिलबस्तु जिल्ला रंगपुर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **सुजाअत अलि धुनिया** (ना.प्र.नं.३८-०१-०६७-१०२३२, जारी मिति २०६७/११/३०, जि.प्र.का. कपिलबस्तु)
२. मोहमद अमिन मुसलमान की छोरी, सुजाअत अलि धुनिया की श्रीमती, कपिलबस्तु जिल्ला शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **महनाज बेगम** (ना.प्र.नं. ३८२०८०।२९६१९, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
३. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **अब्दुल कादिर** (ना.प्र.नं.३८२०८०।२९६१७, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
४. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **मोहमद साजिद** (ना.प्र.नं.३८२०८०।२९६१६, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)

**२. ऋणीको नाम र ठेगाना**

शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **मोहमद शमीम** (ना.प्र.नं.३८२०८०/२९६१५, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. दुवर धुनियाको नाती, शैमुल धुनिया को छोरा, कपिलबस्तु जिल्ला रंगपुर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **सुजाअत अलि धुनिया** (ना.प्र.नं.३८-०१-०६७-१०२३२, जारी मिति २०६७/११/३०, जि.प्र.का. कपिलबस्तु )
२. मोहमद अमिन मुसलमान की छोरी, सुजाअत अलि धुनिया की श्रीमती, कपिलबस्तु जिल्ला, शिवराज न.पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **महनाज बेगम** (ना.प्र.नं. ३८२०८०।२९६१९, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
३. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **अब्दुल कादिर** (ना.प्र.नं.३८२०८०।२९६१७, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
४. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **मोहमद साजिद** (ना.प्र.नं.३८२०८०।२९६१६, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
५. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **मोहम्मद जाकिर** (ना.प्र.नं.३८-०२-७९-०३०४९, जारी मिति २०७९/०६/२६, जि.प्र.का. कपिलबस्तु)
६. मोहमद सरिफ धुनिया की छोरी, मोहमद साजिद की श्रीमती, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **रुबिना खातुन धुनिया** (ना.प्र.नं.३८-०२-७८-०४१६१, जारी मिति २०७८/०८/०७, जि.प्र.का. कपिलबस्तु)
७. महमद जमा मिया की छोरी, अब्दुल कादिरकी श्रीमती, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **गुडिया मिया** (ना.प्र.नं. ३८-०२-७८-०२५४९, जारी मिति २०७८/०६/०६, जि.प्र.का. कपिलबस्तु)

**३. ऋणीको नाम र ठेगाना**

गोविन्द बहादुर विश्वकर्माकी छोरी, टोपे कामीकी श्रीमती, दाङ जिल्ला गोवरडिहा गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०४ बस्ने **रेखा विश्वकर्मा** (ना.प्र.नं. ५२२००१।९०१, जारी मिति २०६७/०८/२६, जि.प्र.का. दाङ)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. बुद्धि बहादुर विश्वकर्माको नाती, गंगा बहादुर विश्वकर्माको छोरा, कपिलबस्तु जिल्ला, शिवराज न.पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०४ बस्ने **गोविन्द बहादुर विश्वकर्मा** (ना.प्र.नं.३८-०२-७३-०१३८९, जारी मिति २०७३/११/२२, जि.प्र.का. कपिलबस्तु)
२. बालाराम कामी को नाती, खिम बहादुर कामीको छोरा, दाङ जिल्ला गोवरडिहा गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०४ बस्ने **टोपे कामी** (ना.प्र.नं.३३७८।१२९९, जारी मिति २०४५/०१/२७, जि.प्र.का. दाङ)

**४. ऋणीको नाम र ठेगाना**

बिन्दा अहिर को नाती, झिन्कु अहिर को छोरा, कपिलबस्तु जिल्ला बनगाई गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला महाराजगंज न.पा.वडा नं. ११ बस्ने **रामाचल अहिर** (ना.प्र.नं.१९८, जारी मिति २०४२/११/१३, जि.प्र.का. कपिलबस्तु)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. पचई अहिर की छोरी, रामाचल अहिर की श्रीमती, कपिलबस्तु जिल्ला, बलरमवापुर गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला महाराजगंज न.पा.वडा नं. ११ बस्ने **मान्ती अहिरिन** (ना.प्र.नं.२९५, २०४५/०१/२९, जि.प्र.का. कपिलबस्तु)
२. झिन्कु अहिर को नाती, रामाचल अहिर को छोरा, कपिलबस्तु जिल्ला बलरमवापुर गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला महाराजगंज न.पा.वडा नं. ११ बस्ने **रामदास यादव** (ना.प्र.नं. ३८.०१.०६७.१००७५, जारी मिति २०६७/११/२३, जि.प्र.का. कपिलबस्तु)
३. चुल्हई अहिर की छोरी, रामदास यादव की श्रीमती, कपिलबस्तु जिल्ला महाराजगंज न.पा. वडा नं. ११ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला महाराजगंज न.पा.वडा नं. ११ बस्ने **सोभावती अहिर** (ना.प्र.नं.३८-०१-७४-०५३६७, जारी मिति २०७४/०५/२०, जि.प्र.का. कपिलबस्तु)
४. झिन्कु अहिर को नाती, रामाचल अहिर को छोरा, कपिलबस्तु जिल्ला बलरमवापुर गा.वि.स. वडा नं. २ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला महाराजगंज न.पा.वडा नं. ११ बस्ने **भगवानदास यादव** (ना.प्र.नं. ३८.०१.०६७.१००७६, जारी मिति २०६७/११/२३, जि.प्र.का. कपिलबस्तु)
५. रामचन्द्र अहिर की छोरी, भगवानदास यादव की श्रीमती, कपिलबस्तु जिल्ला महाराजगंज न. पा. वडा नं. ११ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला महाराजगंज न.पा.वडा नं. ११ बस्ने **सन्जु अहिर** (ना.प्र.नं.३८-०१-७४-०५३६६, जारी मिति २०७४/०५/२०, जि.प्र.का. कपिलबस्तु)

Citizens Bank

**मुख्य कार्यालय**:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR



भारत नियन्त्रित कश्मीरको श्रीनगरमा आइतबार एक अधिकृत डिलरमा खाना पकाउने ग्यासको खाली सिलिण्डर बोकेर हिँडिरहेका एक कश्मीरी पुरुष । *तस्बिरः एपी*

# अमेरिका र इरानबीच पाकिस्तानमा आजदेखि पुनः वार्ता हुँदै

## अमेरिकी प्रतिनिधिमण्डलमा उपराष्ट्रपति जेडी भान्स संलग्न नहुने

**वासिङ्टन–** अमेरिकी र इरानबीच पाकिस्तानको इस्लामावादमा पुनः वार्ता हुने भएको छ । वार्ताका लागि अमेरिकी टोली सोमबार (आज) इस्लामावाद पुग्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताए ।

ट्रम्पले इरानसँग युद्ध अन्त्यका लागि हुने वार्तामा उपराष्ट्रपति जेडी भान्सले प्रतिनिधिमण्डलको नेतृत्व नगर्ने आइतबार बताएका छन् । उनले वार्ताका लागि अमेरिकी प्रतिनिधिमण्डल सोमबारसम्ममा इस्लामावाद पुग्ने बताएका थिए ।

इस्लामावादमा तेहरानसँग अघिल्लो चरणको वार्ताको नेतृत्व गरेका तर कुनै सम्झौता नगरी आएका उपराष्ट्रपति भान्सले यसपटक अमेरिकी वार्ता टोलीको नेतृत्व नगर्ने समाचारले वार्ताको वातावरण अन्योलपूर्ण अवस्थाको रूपमा देखापरेको छ किनकि ट्रम्पको क्याबिनेटका सदस्यहरूले उपराष्ट्रपति भान्सले नै वार्ताको नेतृत्व गर्ने बताएको थियो ।

'यो केवल सुरक्षाका कारण हो,' राष्ट्रपति ट्रम्पले एबिसी न्युजसँग भने, 'इस्लामिक गणतन्त्रसँग सम्झौता गर्न सक्ने क्षमताको चिन्ताका कारण भान्सलाई इस्लामावाद यात्राबाट हटाइएको भन्ने कुनै पनि धारणा सही होइन ।'

### 'जेडी भान्स महान् (सक्षम) हुनुहुन्छ,' ट्रम्पले थपे ।

यसअघि संयुक्त राष्ट्रसंघका लागि वासिङ्टनका दूत माइक वाल्ट्जले एबिसी न्युजको 'दिस विक' कार्यक्रममा भनेका थिए, 'राष्ट्रपतिले घोषणा गरेजस्तै हाम्रा मुख्य वार्ताकारहरू र उपराष्ट्रपति अर्को चरणको वार्ताका लागि पाकिस्तान यात्रामा जान लाग्नुभएको छ ।'

अमेरिकी ऊर्जामन्त्री क्रिस राइटले सिएनएनको 'स्टेट अफ द युनियन' सँग भने, 'भान्सले सुरुदेखि नै वार्ताको नेतृत्व गरिरहनुभएको थियो र यसपटक पनि सम्भवतः उहाँ नै जानुहुने छ ।'

आज (सोमबार)देखि सुरु हुने भनिएको वार्ताका लागि अमेरिकी टोलीको नेतृत्व कसले गर्ने भन्ने स्पष्ट भएको छैन । ट्रम्पका विशेष दूत स्टिभ विटकोफ र उनका ज्वाइँ जारेड कुश्नर अप्रिल ११ मा भएको लामो वार्तामा पाकिस्तान पुगेका थिए ।

त्यसअघि ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा एक पोस्टमा इरानले दुई हप्ताको युद्धविरामको पूर्णउल्लंघन गरेको आरोप लगाउँदै कुनै सम्झौता नभए इरानका पावर प्लान्ट र पुलहरू नष्ट गर्ने चेतावनी दिएका थिए । ट्रम्पले आफूले इरानलाई 'उचित सम्झौता' प्रस्ताव गरेको बताउँदै भनेका थिए, 'यदि तेहरानले अस्वीकार गरेमा 'अमेरिकाले इरानका सबै पावर प्लान्ट र हरेक पुल ध्वस्त पार्ने छ । अब कुनै राम्रो विकल्प छैन !' वाल्ट्जले नयाँ चरणको वार्ताले 'अविश्वसनीय परिणाम' निम्त्याउँछ भन्ने विश्वास व्यक्त गरे ।

'स्ट्रेट अफ हर्मुज' आइतबार पनि बन्द रह्यो । रणनीतिक जलमार्ग पुनः खोल्ने घोषणा गरेको एक दिनपछि इरानले शनिबार फेरि उक्त मार्ग पानीजहाजका लागि बन्द गरेको घोषणा गरेको थियो ।

बेलायतको सामुद्रिक सुरक्षा निकायले शनिबार इरानको रिभोलुसनरी गार्डस्ले एउटा ट्यांकरमाथि गोली चलाएको जनाएको छ भने सुरक्षा गुप्तचर संस्था भ्यानगार्ड टेकले खाडीबाट भागिरहेको एउटा खाली क्रुज जहाजलाई 'नष्ट' गर्ने चेतावनी दिएको जनाएको थियो ।

तेस्रो घटनामा, बेलायतको एक निकायले भनेको थियो, 'आफूले एक जहाजलाई 'अज्ञात प्रोजेक्टाइल' द्वारा आक्रमण भएको रिपोर्ट प्राप्त गरेको थियो । आक्रमणबाट ढुवानी कन्टेनरमा क्षति पुगेको तर आगो नलागेको रिपोर्टमा उल्लेख छ ।' अमेरिका-इरानबीचको दुई हप्ता लामो युद्धविराम बुधबार सकिँदै छ । *रासस/एएफपी*



## इस्लामावादमा सुरक्षा व्यवस्था कडा

**इस्लामावाद, पाकिस्तान–** आगामी दिनमा अमेरिका र इरानबीच हुने शान्ति वार्ताअघि पाकिस्तानको राजधानी इस्लामावादमा आइतबारदेखि नै सुरक्षा व्यवस्था कडा पारिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्ध अन्त्यका लागि शान्ति वार्ता पुनः सुरु गर्न अमेरिकी वार्ताकारहरू सोमबार (आज)पाकिस्तानमा पुग्ने आइतबार बताएका छन् । राष्ट्रपति ट्रम्पको आफ्नै लगानीको सामाजिक सञ्जाल ट्रुथ सोशलमा उनले लेखेका छन्, 'मेरा प्रतिनिधिहरू पाकिस्तानको इस्लामाबाद जाँदै छन् र उनीहरू भोलि (सोमबार)साँझ वार्ताका लागि त्यहाँ हुने छन् ।'

पाकिस्तानी अधिकारीहरूले यसअघि इस्लामावाद सहरभर र छिमेकी रावलपिण्डीमा सडक बन्द गर्ने र सवारी प्रतिबन्ध लगाउने घोषणा गरेका छन् । एएफपीका पत्रकारहरूले इस्लामावादको सबैभन्दा सुरक्षित होटल, जहाँ अमेरिका र इरानी प्रतिनिधिहरूबीच पहिलो चरणको वार्ता भएको थियो, त्यहाँ नजिकै सशस्त्र गार्डको उपस्थिति र चेकप्वाइन्टहरू बनाइएको बताएका छन् ।

सुरक्षा सावधानीका लागि आइतबारदेखि नै सेरेना होटल जाने अधिकांश सडकहरू काँडेतार, ब्यारिकेड, कडा सुरक्षा र ट्राफिक डाइभर्सनका साथ बन्द गरिएका छन् । 'नागरिकहरूलाई सुरक्षा निकायहरूसँग सहयोग गर्न हार्दिक अनुरोध गरिएको छ,' सहरका एक अधिकारीले एक्समा पोस्ट गरे । *रासस/एएफपी*

# उत्तर कोरियाको नयाँ मिसाइल परीक्षणले बढायो तनाव



**सियोल–** उत्तर कोरियाले आइतबार समुद्रतर्फ लक्षित गर्दै छोटो दूरीका धेरै ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरेपछि कोरियाली प्रायद्वीपमा पुनः तनाव चुलिएको छ । संयुक्त राष्ट्रसंघको आणविक निगरानी निकायले केही दिनअघि मात्र प्योङयाङले आणविक हतियार विकासमा 'धेरै गम्भीर' प्रगति गरेको चेतावनी दिएको पृष्ठभूमिमा भएको यस प्रक्षेपणलाई क्षेत्रीय सुरक्षा दृष्टिले गम्भीररूपमा हेरिएको छ ।

दक्षिण कोरियाली सेनाका अनुसार उत्तर कोरियाको सिन्पो क्षेत्रबाट प्रहार गरिएका ती मिसाइलहरू करिब १४० किलोमिटर उडेर देशको पूर्वी समुद्री क्षेत्रमा खसेका थिए । यस घटनापछि दक्षिण कोरियाले कुनै पनि सम्भावित उक्साहटको जवाफ दिन पूर्णतयारीमा रहेको जनाउँदै संयुक्त राज्य अमेरिका र जापानसँग सूचनाको आदानप्रदान तीव्र बनाएको छ ।

दक्षिण कोरियाको राष्ट्रिय सुरक्षा परिषद्को आकस्मिक बैठकमा वरिष्ठ अधिकारीहरूले उत्तर कोरियाका बारम्बारका क्षेप्यास्त्र परीक्षणप्रति गहिरो चिन्ता व्यक्त गर्दै यस्ता गतिविधि तत्काल रोक्न आग्रह गरेका छन् । विशेष रूपमा, यो प्रक्षेपण दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङ विदेश भ्रमणमा निस्कनु केही घण्टाअघि भएकोले यसको समयलाई पनि अर्थपूर्णरूपमा हेरिएको छ ।

अमेरिकी र जापानी सेनाले पनि प्रक्षेपण पत्ता लगाएको पुष्टि गरेका छन् । अमेरिकी इण्डो-प्यासिफिक कमाण्डले क्षेत्रीय सुरक्षा र आफ्ना सहयोगीहरूको रक्षा गर्न प्रतिबद्ध रहेको जनाएको छ । जापानको रक्षा मन्त्रालयले भने उत्तर कोरियाको यो कदमले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शान्तिलाई जोखिममा पारेको र संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्तावहरूको उल्लंघन गरेको भन्दै कडा विरोध जनाएको छ ।

मिसाइल प्रक्षेपण गरिएको सिन्पो क्षेत्र उत्तर कोरियाको पूर्वी तटस्थित महत्त्वपूर्ण सहर हो । यहाँ पनडुब्बी निर्माणका लागि प्रमुख शिपयार्ड रहेको छ । दक्षिण कोरियाली सञ्चारमाध्यमका अनुसार यो प्रक्षेपण पनडुब्बीबाट गरिएको हो कि जमिनबाट वा दुवै प्लेटफर्म प्रयोग गरिएको हो भन्नेबारे विश्लेषण भइरहेको छ । जापानका रक्षामन्त्री मासाहिसा मियाजाकीले पनि यस विषयमा अमेरिका र दक्षिण कोरियासँग समन्वय भइरहेको बताएका छन् ।

यदि पनडुब्बीबाट प्रक्षेपण गरिएको पुष्टि भएमा यो चार वर्षपछि उत्तर कोरियाले गरेको पहिलो पनडुब्बी-आधारित ब्यालेस्टिक मिसाइल परीक्षण हुने छ । यस्तो क्षमता विकास हुनु प्रतिद्वन्द्वी राष्ट्रहरूका लागि थप चुनौतीपूर्ण मानिन्छ, किनकि पानीमुनिबाट हुने प्रक्षेपण पहिचान गर्न कठिन हुन्छ । गत वर्ष उत्तर कोरियाले निर्माणाधीन आणविक पनडुब्बी सार्वजनिक गरेको थियो, जसले यस दिशामा उसको महत्त्वाकांक्षा झल्काएको थियो ।

यस वर्षमात्र उत्तर कोरियाले पटक-पटक हतियार परीक्षण गरिरहेको छ । गत साता नेता किम जोङ उनले युद्धपोतबाट गरिएको क्षेप्यास्त्र परीक्षणको निरीक्षण गरेका थिए । त्यसअघि पनि तीन दिनसम्म विभिन्न नयाँ हतियार प्रणालीसहितका परीक्षणहरू गरिएको दाबी गरिएको थियो । गत महिना प्योङयाङले अमेरिकासम्म पुग्न सक्ने मिसाइलका लागि ठोस इन्धन इञ्जिन परीक्षण गरेको जनाएको थियो ।

सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक वार्ता विफल भएपछि किम जोङ उनले आफ्नो आणविक तथा मिसाइल कार्यक्रम विस्तारमा जोड दिँदै आएका छन् । यद्यपि ट्रम्पले पुनः वार्ताको इच्छा व्यक्त गरिरहेका छन् र उत्तर कोरियाले पनि संवादका लागि संकेत दिएको छ, तर प्योङयाङले पूर्वसर्तका रूपमा आणविक निःशस्त्रीकरणको माग हटाउन अमेरिकालाई आग्रह गरिरहेको छ ।

आगामी मे महिनामा ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच हुने भनिएको शिखर सम्मेलनलाई पनि उत्तर कोरियासँगको कूटनीतिक सम्भावनासँग जोडेर हेरिएको छ । केही विश्लेषकहरूका अनुसार उत्तर कोरियाको पछिल्लो परीक्षण गतिविधि भविष्यका वार्तामा आफ्नो मोलतोल शक्ति बढाउने रणनीति हुन सक्छ ।

यसैबीच अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका महानिर्देशक राफेल ग्रोसीले हालै उत्तर कोरियामा आणविक उत्पादन गतिविधिमा 'तीव्र वृद्धि' भएको पुष्टि गरेका छन् । उनका अनुसार यी गतिविधिहरूले उत्तर कोरियाको आणविक हतियार उत्पादन क्षमतामा उल्लेखनीय विस्तार भएको संकेत गर्छ ।

बाह्य विश्लेषकहरूले पनि उत्तर कोरियाले आफ्नो प्रमुख योङब्योन आणविक परिसर विस्तार गरिरहेको र थप युरेनियम संवर्द्धन केन्द्रहरू निर्माण गरिरहेको बताएका छन् । गत वर्ष दक्षिण कोरियाका एकीकरण मन्त्री चुङ डोङ-युङले उत्तर कोरियाले चारवटा युरेनियम संवर्द्धन केन्द्र सञ्चालन गरिरहेको जानकारी दिएका थिए, जसले यस क्षेत्रको सुरक्षा अवस्थालाई अझ जटिल बनाएको छ । *रासस/एपी*

# रोबोटले तोड्यो मानव कीर्तिमान



**बेइजिङ–** चीनको तीव्र गतिमा अघि बढिरहेको प्रविधि विकासलाई झल्काउने घटनामा बेइजिङमा आयोजित हाफ-म्याराथनमा एक मानवाकृति रोबोटले मानव विश्वकीर्तिमान नै उछिन्दै ऐतिहासिक सफलता हासिल गरेको छ । यस उपलब्धिले खेलकुद र कृत्रिम बौद्धिकताको संगममा नयाँ युग सुरु भएको संकेत दिएको छ ।

बेइजिङ इकोनोमिक-टेक्नोलोजिकल डेभलपमेन्ट एरिया (बेइजिङ ई-टाउन) बाट सुरु भएको २१ किलोमिटरको दौड चिनियाँ स्मार्टफोन निर्माता अनरद्वारा विकसित रोबोटले ५० मिनेट २६ सेकेण्डमा पूरा गर्दै पहिलो स्थान हासिल गर्न सफल भयो । यो समय मानव हाफ-म्याराथन विश्व कीर्तिमानधारी युगाण्डाका धावक ज्याकोब किप्लिमोले मार्चमा बनाएको करिब ५७ मिनेटको समयभन्दा उल्लेखनीयरूपमा छिटो हो ।

गत वर्ष पहिलोपटक आयोजना गरिएको यस प्रतियोगितामा विजेता रोबोटले दुई घण्टा ४० मिनेट ४२ सेकेण्डमा दूरी पार गरेको थियो । त्यसको तुलनामा यस वर्षको प्रदर्शनले रोबोट प्रविधिमा भएको तीव्र प्रगति प्रस्ट पारेको छ । प्रतियोगिताको आकार पनि यसपटक उल्लेखनीयरूपमा बढ्दै १०० भन्दा बढी टोलीहरूको सहभागिता रहेको थियो, जसमा पाँच विदेशी टोलीसमेत समावेश थिए ।

दौड पूर्णरूपमा सहज भने रहेन । केही रोबोटहरू प्रारम्भमै लड्न पुगे भने केही अवरोधमा ठोक्किएका थिए । यद्यपि, आयोजकका अनुसार करिब ४० प्रतिशत रोबोटहरूले कुनै मानवीय हस्तक्षेपबिना स्वायत्तरूपमा पूरा मार्ग तय गर्न सफल भए, बाँकी भने रिमोट कन्ट्रोलमार्फत सञ्चालन गरिएका थिए ।

प्रतियोगितामा एउटा रोबोटले ट्राफिक प्रहरीको भूमिका निर्वाह गर्दै सहभागीहरूलाई हातको संकेत र आवाजमार्फत निर्देशन दिएको दृश्यले दर्शकहरूको ध्यान खिचेको थियो, जसले रोबोटको बहुआयामिक प्रयोगको सम्भावना झल्काएको छ ।

चीनमा प्रविधिको विकास केवल औद्योगिक प्रगतिको विषयमात्र नभई रणनीतिक प्रतिस्पर्धासँग पनि जोडिएको छ । विशेषगरी संयुक्त राज्य अमेरिकासँगको प्रतिस्पर्धालाई मध्यनजर गर्दै बेइजिङले आफ्नो पछिल्लो पञ्चवर्षीय योजनामा 'विज्ञान र प्रविधिको सीमालाई लक्षित गर्ने' प्रतिबद्धता व्यक्त गरेको छ । सन् २०२६ देखि २०३० सम्मको योजनाअन्तर्गत मानवाकृति रोबोटजस्ता उन्नत प्रविधिको विकासलाई प्राथमिकतामा राखिएको छ ।

लण्डनस्थित प्रविधि अनुसन्धान संस्था ओमडियाको हालैको प्रतिवेदनअनुसार एजिबोट, युनिट्री रोबोटिक्स र युबीटेक रोबोटिक्स कर्पजस्ता चिनियाँ कम्पनीहरू विश्वबजारमा सामान्य प्रयोजनका मूर्त बौद्धिक रोबोट उत्पादन र आपूर्तिमा अग्रपंक्तिमा उभिएका छन् । ती कम्पनीहरूले गत वर्षमात्र हजारौं युनिट रोबोट विश्वभर पठाएका थिए, जसले चीनको यस क्षेत्रमा बढ्दो प्रभावलाई पुष्टि गर्दछ ।

यस घटनाले केवल एउटा दौड जित्ने उपलब्धिमात्र नभई, मानव क्षमतासँग प्रतिस्पर्धा गर्न सक्षम कृत्रिम प्रविधिको तीव्र विकासको संकेत दिएको छ, जसले आगामी दिनमा खेलकुददेखि उद्योगसम्म व्यापक प्रभाव पार्ने अपेक्षा गरिएको छ । *रासस/एपी*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोहरुखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहिरूत दाहरूाल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं.9851079417,2297501|HaLMax¿Communication-Jamal Kathmandu,4224181,4245457,9841853198,(Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ३०१००० | प्रति तोला - ० | प्रति तोला - ५२२५ |



**सूर्यास्त** | गुल्मीको रेसुंगा नगरपालिका-८ स्थित टुनीखोलाबाट आइतबार देखिएको सूर्यास्तको मनोरम दृश्य । *तस्बिरः रासस*

# 'निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्छ'



■ प्रभाव संवाददाता

**दोधारा चाँदनी (कञ्चनपुर)–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा सबैले परिवर्तन ल्याउनुपर्ने बताएका छन् । आइतबार कञ्चनपुर उद्योग वाणिज्य संघको ३४औं वार्षिक साधारणसभाको उद्घाटन समारोहमा बोल्दै उनले निजी क्षेत्र नाफा कमाउनका लागिमात्रै हो भनेर हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्नेमा जोड दिए ।

'कूल गार्हस्थ उत्पादन (जिडिपी)मा ८० प्रतिशतभन्दा बढी योगदान गर्ने र हरेक पूर्वाधार निर्माणमा योगदान गर्ने निजी क्षेत्र हो,' ढकालले भने, 'सबैभन्दा बढी रोजगारी सिर्जना पनि निजी क्षेत्रले गरिरहेका छन् ।' उनले सुदूरपश्चिममा पर्यटनको अथाह सम्भावना रहेकाले पर्यटन प्रवर्द्धन गर्ने र रोजगारी सिर्जना गर्ने उद्देश्यले यस क्षेत्रमा आफूले लगानी गरेको बताए ।

'सुदूरपश्चिममा जहाँ हेर्‍यो त्यहीँ सम्भावना छ, त्यसकारण यहाँको सबैभन्दा ठूलो पर्यटन पूर्वाधार अगाडि बढाएका छौं,' अध्यक्ष ढकालले भने, 'यसले सुदूरपश्चिमकोमात्रै नभई मुलुकमै पर्यटन प्रवर्द्धनमा टेवा पुगाउने छ ।' उनले इमान्दारिताका साथ काम गरे प्रतिफल आउने विश्वास व्यक्त गरे । सुदूरपश्चिमबाट छिमेकी मुलुक भारतका ठूला औद्योगिक क्षेत्र नजिक रहेकाले त्यसको फाइदा पनि सुदूरपश्चिमलाई रहेको उनले बताए ।

'यहाँको बडिमालिका, रामारोशनजस्ता धार्मिक पर्यटकीय गन्तव्य छन्,' ढकालले भने, 'अब पर्यटकीय पूर्वाधारमा पनि लगानी हुनुपर्छ ।' उनले निजी क्षेत्रको समस्या समाधानका लागि सरकारसँग निरन्तर पहल गरिरहेको बताए ।

# विद्युत् महसुल संकलन थप सहज बनाउने तयारीमा प्राधिकरण

## सेवाप्रदायक छनोटका लागि प्रस्ताव आह्वान

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल संकलन प्रक्रियालाई थप सहज र सरल बनाउने उद्देश्यका साथ इच्छुक सेवा प्रदायकहरूसँग प्रस्ताव माग गरेको छ । महसुल संकलनका लागि आवश्यक सहजीकरणका लागि विद्युतीय माध्यमबाट काम गर्ने वा गराउने फर्मलाई प्रस्ताव पेस गर्नका लागि आग्रह गरेको हो ।

प्राधिकरणले सेवा प्रदायक संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्र, विद्युतीय माध्यमबाट कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट भुक्तानी सेवा प्रदायकको इजाजतपत्र प्राप्त गरेको प्रमाणपत्र आवश्यक पर्ने छ ।

यस्तै, आयकर र मूल्य अभिवृद्धि कर, गत आवसम्मको कर चुक्ता प्रमाणपत्र, सेवा प्रदायक संस्थाको प्रबन्धपत्र र नियमावली पनि पेस गर्नुपर्ने छ । प्रस्तावित सेवाका लागि कानुनीरूपमा अयोग्य नभएको स्वघोषणा गर्नुपर्ने छ । प्राधिकरणबाट तोकिएबमोजिमको बैंक जमानत पेस गर्ने प्रतिबद्धतापत्र, दुर्गम क्षेत्रका ग्राहकलेसमेत विद्युतीय माध्यमबाट विद्युत् संकलन गर्ने प्रतिबद्धतापत्र, सेवा प्रदायक संस्थाले अवलम्बन गर्ने प्रविधिबाट प्राधिकरणको आय तथ्यांकको गोप्यता र सुरक्षा पर्याप्त रहने प्रतिबद्धता आवश्यक पर्दछ ।

संकलित रकम प्राधिकरणले तोकेबमोजिमको बैंक खातामा दाखिला गर्न गरेको मञ्जुरी, महसुल भुक्तानीका लागि आवश्यक एवं सञ्चालनमा रहेका विभिन्न माध्यमहरूबाट महसुल संकलनका लागि बढीभन्दा बढी सुविधा दिन सक्नुपर्ने छ । सेवा प्रदायक संस्थामा कम्तीमा पनि पाँच जना विषयगत प्राविधिक दक्ष जनशक्तिको विवरण पनि पेस गर्नुपर्ने छ ।

प्रस्तावकले प्रस्ताव पेस गर्दा कार्यक्षेत्रको विवरण उल्लेख गर्नुपर्ने छ । सेवा प्रदायक सञ्जाल एवं एजेन्सीहरूको विवरण, सेवा प्रदायकले प्राधिकरणको आय प्रणालीमा आबद्ध गर्ने व्यवस्था, सेवा प्रदायकले प्राधिकरणलाई उपलब्ध गराउने सफ्टवेयर एवं उपकरणको विवरण दिनुपर्ने छ । सेवा प्रदायकले प्राधिकरणसँग समन्वय गरी कार्य गर्ने तौरतरिका एवं प्रक्रिया र संकलित रकम प्राधिकरणमा जम्मा गर्ने समय, तरिका र सोको सुरक्षणसम्बन्धी विवरण आवश्यक पर्ने छ ।

> पाँच हजार एक रूपैयाँदेखि १० हजार रूपैयाँसम्म महसुल तिर्ने ग्राहकलाई प्रतिकारोबार आठ रूपैयाँमात्रै लिनुपर्ने छ । यस्तै, १० हजार एक रूपैयाँदेखि माथि प्रतिकारोबार अधिकतम १० रूपैयाँ सेवा शुल्क लिन पाइने छ । प्राधिकरणले तोकेको यो प्रस्तावित सेवा शुल्कमा आधारित रहेर सेवा प्रदायकले शुल्क तोक्नुपर्ने छ ।

प्राधिकरणको सूचनाअनुसार ५०० रूपैयाँसम्म महसुल भुक्तानी गर्ने ग्राहकलाई निःशुल्क रूपमा सेवा प्रवाह गर्नुपर्ने छ । यस्तै, ५०१ रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म महसुल तिर्ने ग्राहकलाई प्रतिकारोबार पाँच रूपैयाँ अधिकतममात्रै लिनुपर्ने सीमा निर्धारण गरिएको छ । प्राधिकरणको यो प्रस्तावअनुसार सेवाप्रदायकले शुल्क तोक्नुपर्ने छ ।

त्यस्तै, पाँच हजार एक रूपैयाँदेखि १० हजार रूपैयाँसम्म महसुल तिर्ने ग्राहकलाई प्रतिकारोबार आठ रूपैयाँमात्रै लिनुपर्ने छ । यस्तै, १० हजार एक रूपैयाँदेखि माथि प्रतिकारोबार अधिकतम १० रूपैयाँ सेवा शुल्क लिन पाइने छ । प्राधिकरणले तोकेको यो प्रस्तावित सेवा शुल्कमा आधारित रहेर सेवा प्रदायकले शुल्क तोक्नुपर्ने छ । सेवा प्रदायकको प्रस्ताव स्वीकृत भएको जानकारी प्राधिकरणले दिएको १५ दिनभित्र बैंक जमानत लिई सम्झौताका लागि आउनुपर्ने छ । सुरक्षणका लागि न्यूनतम एक करोडबराबरको (क) श्रेणीको वाणिज्य बैंकबाट कम्तीमा एक वर्षको म्याद राखी जारी भएको सर्तसहितको बैंक जमानत राख्नुपर्ने छ ।

बैंक जमानत राखेकोभन्दा बढी रकम दैनिक संकलन गर्न पाउने छैन । सेवा प्रदायकले महसुल संकलन गर्दा प्राधिकरणबाट कुनै सेवा शुल्क पाउने छैन । सेवाप्रदायक र प्राधिकरणबीच कुनै विवाद भएको खण्डमा सञ्चालक समितिले तोकेको सञ्चालकको अध्यक्षतामा विवाद समाधान समिति गठन गरिने छ । समितिमा प्राधिकरणका उपकार्यकारी निर्देशक, कानुन विभागका निर्देशक, सेवा प्रदायक संस्थाले नियुक्त गरेको एक जना प्रतिनिधि सदस्य रहने छन् । यस्तै संस्थागत वित्तीय विभागका निर्देशक सदस्यसचिव रहने व्यवस्था गरिएको छ ।

# रेल्वे सेवा ७९ करोड ऋणमा

**जनकपुरधाम–** नेपालको एकमात्र रेल्वे सेवा प्रत्येक वर्ष घाटामा गइरहेको छ । रेल्वे सेवा घाटामा गइरहेकाले योजनाबद्ध रूपमा कार्यसम्पादन गर्नुपर्ने र व्यवस्थापनमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

लामो समयदेखि महाप्रबन्धक पद रिक्त रहेकाले व्यवस्थापनमा समस्या हुँदै आएको भएको नेपाल रेल्वे कम्पनी लिमिटेडका कर्मचारीहरू बताउँछन् । लिमिटेडका अनुसार पछिल्लो पाँच वर्षको तथ्यांकले कम्पनीको आम्दानीभन्दा खर्च करिब तेब्बरभन्दा बढी रहेको देखाउँछ । सोही कारण रेल्वे सेवा दीर्घकालीनरूपमा आर्थिक संकटतर्फ गइरहेको जानकारहरू बताउँछन् ।

कम्पनीको व्यावसायिक कार्ययोजना, २०८२ अनुसार आर्थिक वर्ष २०७६/७७ देखि आव २०८०/८१ सम्म १९ करोड २१ लाख रूपैयाँ आम्दानी हुँदा ६७ करोड ३७ लाख रूपैयाँ खर्च भएको उल्लेख छ । पछिल्लो आर्थिक वर्ष २०८०/८१ मा मात्र आठ करोड ५० लाख रूपैयाँ आम्दानी हुँदा २६ करोड २७ लाख रूपैयाँ खर्च भएको कम्पनीका तत्कालीन महाप्रबन्धक निरञ्जन झाले बताए ।

उनका अनुसार अहिले मासिक आम्दानी करिब ७५ लाख रूपैयाँ भए पनि खर्च एक करोड २९ लाख रूपैयाँ पुग्ने गरेको छ । आम्दानीले खर्च धान्न नसक्दा कम्पनीले सरकारको जमानीमा ऋण लिँदै सञ्चालन गर्नुपरेको झाको भनाइ छ । 'विसं २०८१ असार मसान्तसम्म साँवा र ब्याजसहित कूल ऋण ७९ करोड रूपैयाँ नाघिसक्दा कम्पनीमाथि थप



आर्थिक दबाब सिर्जना गरेको छ,' उनले भने, 'यात्री सेवाका हिसाबले भने रेल प्रभावकारी मानिएको छ ।'

पूर्वमहाप्रबन्धक झाका अनुसार भारतको जयनगरबाट जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालन भइरहेको रेल सेवा दैनिक तीनपटक सञ्चालन हुँदै आएको छ । घाटाको प्रमुख कारणमध्ये भारतीय प्राविधिक कर्मचारीमा हुने उच्च खर्च मुख्य मानिएको उनको भनाइ छ ।

हाल यहाँ १७ जना भारतीय कर्मचारी कार्यरत रहेका जनाउँदै पूर्वमहाप्रबन्धक झाले त्यसका लागि कम्पनीले भारतीय कोंकन कम्पनीलाई मासिक करिब एक करोड १२ लाख रूपैयाँ भुक्तानी गर्दै आएको बताए । उनका अनुसार नेपालीतर्फ १०३ कर्मचारीको कूल तलब १७ लाख रूपैयाँ छ ।

स्थायी प्राविधिक जनशक्तिको अभाव, वर्कसपको कमी, स्वदेशी चालक तथा स्टेसन मास्टरको अभाव, फचुलिङ स्टेसन नहुनु र इन्धनसमेत भारतबाट ल्याउनुपर्ने अवस्थाले सञ्चालन खर्च अझ बढाएको नेपाल रेल्वे कम्पनीले जनाएको छ । साथै कम्पनी लामो समयदेखि महाप्रबन्धकविहीन रहेको हुँदा व्यवस्थापन कमजोर बनेको छ ।

विसं १९९४ मा सुरु भएको रेल सेवा २०७० मा ब्रोड गेज विस्तारका लागि बन्द गरिएको थियो । २०७८ चैत १९ देखि पुनः सञ्चालनमा आएको रेल हाल ५२ किलोमिटर क्षेत्रमा विस्तार भइसकेको छ । कम्पनीले रेल्वेको आम्दानी बढाउन तथा आत्मनिर्भर बन्न विभिन्न विकल्प अघि सारेको छ । रक्सौलस्थित २८ एकड जग्गा भाडामा दिँदा वार्षिक करिब आठ करोड रूपैयाँ आम्दानी हुने अनुमान गरिएको छ ।

साथै, पुरानो न्यारो गेज रहँदाको कोइला इञ्जिनसहितका चीजहरूलाई रेल म्युजियम स्थापना गरी पर्यटनमार्फत आय बढाउने योजना पनि अघि सारेको छ । स्थानीय व्यापारीहरूले यात्रु सेवासँगै मालसामान ढुवानी सेवा विस्तार गर्नुपर्नेमा जोड दिएका छन् ।

स्थानीयका अनुसार यात्रुमात्र बोक्ने सेवाबाट नाफा सम्भव छैन । तत्कालीन महाप्रबन्धक झाले नेपाल रेल्वे कम्पनीले आफ्नो कम्पनीलाई व्यावसायिक तथा नाफामूलक बनाउन कार्गो रेल्वे सेवा शीघ्र सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिएका थिए । उनले आफ्नो कार्यकालमा रेल्वेमा वोगी थपेर वा नयाँ रेल थपेर कार्गो सेवा सञ्चालन गर्नुपर्ने विषयमा सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरेको जानकारी दिए ।

भारतको कलकत्ता बन्दरगाहबाट सस्तो दरमा नेपालमा मालसमान ढुवानी गर्ने कार्गो रेल्वे सेवा सञ्चालनका लागि पहिलेदेखि जनकपुर क्षेत्रका व्यवसायीले माग गर्दै आए पनि हालसम्म सञ्चालन हुन सकेको छैन । जनकपुरका व्यवसायीका अनुसार कार्गो सेवा सञ्चालन भएमा मालसमान ढुवानीका लागि सहज हुनुका साथै सस्तो पनि हुने थियो ।

समयमा व्यवस्थापन सुधार, स्वदेशी दक्ष जनशक्ति उत्पादन, मालवाहक सेवा विस्तार र ऋण व्यवस्थापन गर्न सके रेल सेवा नाफामुखी बन्न सक्ने जानकारहरू बताउँछन् । बढ्दो ऋणले नेपालको एकमात्र रेल सेवा थप संकटमा पर्ने निश्चितजस्तै देखिएको धनुषाका ६० वर्षीय रामकुमार झाले बताए । रेलले दैनिक जीवन सहज बनाएकाले यसको थप विस्तार र उचित व्यवस्थापन हुनुपर्नेमा उनले जोड दिए । *रासस*

स्वतन्त्र प्रेस, सबल लोकतन्त्र गरौं ।

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं ।
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं ।
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ